# सौर्य दैनिक
SOURYA NATIONAL DAILY

वर्ष ९ | अंक १५२ | सोमबार, ५ साउन २०७७ | Monday, 20 July 2020 | www.souryonline.com | पृष्ठ : ८ | मूल्य रू. ५







■ आफुखुशी विकासले निम्त्याएको विनास

# २ सय पहिरोमा १ सयको मृत्यु



■ सौर्य समाचार

काठमाडौं । असार यता देशभर आएको पहिरोमा पुरिएर १०४ जनाको मृत्यु भएको छ । मनसुन अवधि शुरु भएदेखी यता अहिलेसम्म करिव दुई सय पहिरो गएको छ । यो विगतको तथ्यांक भन्दा बढि हो ।

गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार जेठ ३० गते यतामात्रै १०४ जनाको मृत्यु भएको छ । ४३ जना बेपत्ता भएका छन् भने ८४ जना घाइते भएका छन् । पहिरो जानुको मुख्य दुई कारण देखिएको भूगर्भशास्त्रीहरुले बताएका छन् । जथाभावी डोजर चलाउने र सही वातावरण प्रभाव मूल्यांकन नगरीकन गरिएका विकास तथा पुराना पहिरोमा घर बनाउनु मुख्य कारण हुन् । विगतका तुलनामा यसपटक पहिरो बढि नै गएको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल बताउछन् ।

पोखरेलका अनुसार यसपटक पहिरो अचाक्ली गएको छ र जनधनको क्षति पनि अत्याधिक भएको छ । बाढी र चट्याङबाट पनि २० जनाको मृत्यु यो अवधिमा भएको छ । चट्याङबाट १७ जनाको मृत्यु भएको छ भने ४२ जना घाइते भएका छन् । यस्तै बाढीबाट हालसम्म तीन जनाको मृत्यु र ५ जना बेपत्ता भएको प्राधिकरणको भनाई छ ।

प्राधिकरणका अनुसार विगतका वर्षमा एक सय जनाको मृत्यु हुन्थ्यो भने सरदर २५ जना बेपत्ता हुने गरेका थिए । तर, यो वर्ष भने पहिलो ३० दिनमै सय जना गुमाएका छन् । 'यो वर्ष हेर्ने हो भने पहिलो ३० दिनमै हामीले सय जना गुमायौं', प्राधिकरणका सिईओ पोखरेलले भने,'यसको विशेष कारण भने प्रिमनसुनमा अत्याधिक पानी पर्यो भने जथाभावी विकास निर्माणका काम भएपछि त्यसले माटो कमजोर बनायो र पहिरो गयो ।'

पहिरोमा विद्यावारिधि गरेका त्रिभूवन विश्वविद्यालयका सहप्राध्यापक भूगर्भशास्त्री डा. प्रेमबहादुर थापाका अनुसार पनि बस्तीहरु अहिले पुराना पहिरोमा सरेकाले धेरै क्षति भएको बताउछन् । उनका अनुसार पहिले बस्ती नभएको ठाउमा पहिरो गएको तर अहिले पहिरो जाने ठाउमा बस्ती भएको बताए । 'जथाभावी विकास निर्माणको काम गर्नु नै पहिरोको पहिलो कारण हो', उनले भने, 'पहिरोको जोखिम कम गर्न सकिन्छ। त्यसका लागि नेपालका विभिन्न निकायबीच समन्वय हुनुपर्छ। वैज्ञानिक अध्ययनका आधारमा मात्र बस्ती बसाइनुपर्छ र विकासका काम गरिनुपर्छ ।'

मनसुन शुरू भएको एक महिनामै दिनमा ६ वटा भन्दा बढी पहिरो र औसतमा दैनिक तीन जनाको ज्यान गएको देखिएको छ । सरकारले भूउपयोगको नीति अगाडी सारेकाले सोही अनुसार बस्तीहरुलाई व्यवस्थापन गर्नुपर्नेमा विज्ञहरुले जोड दिएका छन् । यो मनसुनमा सबैभन्दा पहिला जेठ ३१ गते पर्वतमा पहिरो गएको थियो । जहा ९ जनाले ज्यान गुमाएका थिए ।

सो पहिरोको विषयमा प्राधिकरणले जल तथा मौषम विज्ञान विभाग र भुगर्भ विभागलगायत अन्य सम्वन्धित निकायसँग छलफल गरेको

बाँकी पृष्ठ २

नेकपा विवाद कायमै

# प्रचण्डको भूमिकामा ओली–नेपाल संशकित

■ सौर्य समाचार



काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रको विवादमा कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको भूमिकाबाट अर्का दुई पक्ष शंसकित भएका छन् । प्रधानमन्त्री एंव अध्यक्ष केपी शर्मा ओली र उनको राजिनामा माग गर्दै आएका वरिष्ठ नेता माधवकुमार नेपाल प्रचण्डको भूमिकाबाट शंसकित हुन थालेका हुन् ।

एक अर्कासँगको छलफलमा उनले आफ्ना कुरा फरक फरक राख्न थालेपछि दुवै पक्ष संशकित बनेको एक नेताले जानकारी दिए । शनिवार सचिवालय बैठक र राष्ट्रपतिसँग भएको भेटमा अर्लि महाधिवेशन गर्ने पक्षमा बोलेका प्रचण्ड आइतवार एकाएक बोली फेरेका थिए । उनले सचिवालय बैठकमा महाधिवेशन गर्ने विषय उठेकाले यसमा ठोस सहमति खोजिने धारणा राखेका थिए ।

सचिवालय बैठकमा नेता नेपालले भने महाधिवेशनमा जान नसकिने धारणा राखेका थिए । सचिवालयमा ओलीसँग सँगै बोली मिलाएका प्रचण्डले आइतवार विहान भने अर्कै बोली फेरे । सचिवालयमा राखेको धारणा र राष्ट्रपतिसँग भएको भेटका विषयमा बुझ्न नेता नेपालसहित झलनाथ खनाल र नारायणकाजी श्रेष्ठ खुमलटार पुगेका थिए । तर, खुमलटारमा प्रचण्डले बैठकमा राखेको धारणा भन्दा ठिक उल्टो राखे ।

उनले आफु र अर्का अध्यक्ष ओली बीच कुनै सहमति नभएको र महाधिवेशन विषय केवल छलफलका लागि मात्र ल्याएको बताए । आफ्नो कुनै सहमति नभएको र तपाईहरुकै साथमा रहेको जानकारी गराएका थिए । उनले आफुलाई परिबन्धमा पारेर राष्ट्रपति कार्यालय पुर्याएको दावी समेत उनले गरेका छन् । प्रधानमन्त्री ओली र महासचिव विष्णु पौडेलले आफूलाई परिवन्दमा पारेर शीतलनिवासमा पुर्याएको र फसाउन खोजेको प्रचण्डले गुनासो पोखेका नेपाल निकट एक स्थायी कमिटी सदस्यले भने ।

बैठकमा उपाध्यक्ष बामदेव गौतम र रामबहादुर थापा बादललाई बोलाएपनि उनिहरु भने उपस्थित भएका थिएनन् । गुटको भेलामा चार जनामात्र सहभागी भएका थिए भने दोस्रो तहका केही नेता पनि सहभागी थिए । त्यसअघि प्रचण्डले गौतम र पौडेललाई छुट्टा छुट्टै भेटवार्ता गरेको उनको सचिवालयले जानकारी दिएको छ । दुई अध्यक्षबीच थप छलफल गर्नुपर्ने भन्दै आइतवार अपरान्ह बोलाइएको स्थायी कमिटी बैठक भने मंगलबारसम्म स्थगित गरिएको छ ।

आइतवार विहान गुटको भेला गरेको प्रचण्ड अपरान्ह पुन अध्यक्ष ओलीलाई भेट्न बालुवाटार पुगेका थिए । साढे दुई घण्टा छलफलमा प्रधानमन्त्री ओलीले महाधिवेशन नै अहिलेको समस्याको एकमात्र समाधान भएको बताएका छन् । उनले पार्टी एकतालाई पनि कायमै राख्ने र समस्याको समाधान खोज्ने हो भने अर्लि महाधिवेशन नै उपयुक्त

बाँकी पृष्ठ २

# मध्यराति डिभाइडरमा ट्याक्टर ठोक्किदा...



■ सौर्य समाचार

प्यूठान । भिंगृ-सवर्गद्वारी सडक खण्डमा भएको ट्र्याक्टर दुर्घटनामा एकै गाउँका ६ सहित सात जनाको मृत्यु भएको छ । सो सडकखण्डमा काम गर्ने रोल्पाकै सात जनाको मृत्यु भएको हो ।

प्रहरीका अनुसार मृत्यु हुनेमा रुन्टिगढी गाउँपालिका-५ बाइजाका २१ वर्षीय सागर बस्नेत, २४ वर्षीय रिमबहादुर बस्नेत, १९ वर्षीय वीरेन्द्र बाठामगर, १९ वर्षीय थमन बाठामगर, २५ वर्षीय कविराम बस्नेत र गोबर्द्धन बुढामगरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय प्युठानका सूचना अधिकारी प्रहरी निरीक्षक विष्णुप्रसाद पौडेलले जानकारी दिए ।

ट्र्याक्टर दुर्घटनामा परी त्रिवेणी गाउँपालिकाका रोल्पाका २५ वर्षीय कमल कुँवरको पनि मृत्यु भएको छ । उनि सो ट्र्याक्टरका चालक रहेका थिए । सो ट्र्याक्टर मध्यराति दुर्घटनामा परेको हो । स्वर्गद्वारी नगरपालिका-३ रुमालेमा लु२च ४२३४ नं ट्र्याक्टर दुर्घटना भएको थियो ।

'रातको ११ बजेको थियो । हामी सडक निर्माणमा संलग्न साथिहरु ट्याक्टरमा आउँदै थियौं, ट्याक्टर एकै पटक सडक छेउको डिभाईडरमा ठोकियो', दुर्घटनामा घाइते भएका रुन्टीगढी-५ का विशाल थापाले भने,'म हतपत हाम फालें र मेरो ज्यान जोगियो । म ट्याक्टको ट्रलीको माथिल्लो

बाँकी पृष्ठ २

# प्राविधिक कमजोरी मुख्य कारण

■ सौर्य समाचार

काठमाडौं । मेलम्ची सुरूङको ढोकामा नटबोल्ट राम्ररी नकस्सिएकाले दुर्घटना भएको सरकारी अध्ययन प्राविधिक समितिले प्रारम्भिक निष्कर्ष निकालेको छ । एक जनाको मृत्यु र एक बेपत्ता हुनेगरी सुरुङभित्र रहेको ढोका नम्बर १७ एक्कासी खुलेर परीक्षणको पानी बाहिर आएको थियो ।

अन्य दुई जना घाइते हुनेगरी भएको सो घटनाको अध्ययन गरिरहेको प्राविधिक समितिले ढोकाको नटबोल्ट नै राम्ररी नकसिएकाले दुर्घटना भएको देखिएको निष्कर्ष निकालेको हो । खानेपानी मन्त्रालयले सत्यतथ्य बुझ्न सहसचिव रमाकान्त दवाडीको नेतृत्वमा ६ सदस्यीय प्राविधिक टोली गठन गरेर घटनास्थल पठाएको थियो ।

टोलीले बुधबार नै घटनास्थल पुगेर अध्ययन शुरु गरेको छ । टोलीले यो साताको अन्तिम तिर मन्त्रालयलाई विस्तृत प्रतिवेदन दिने भएको छ । सहसचिव दवाडीका अनुसार शुरुवाती अनुसन्धानमा १७ नम्बर ढोकाको नटबोल्ट जति कस्सिनु पर्ने हो त्यत्ति कसिलो नभएको पत्ता लागेको बताए । उनले सो ढोकाले पानीको चाप थेग्न नसकेर फुटेको हुनसक्ने अनुमान गरेको छ ।

कतिपय विज्ञले भने समग्र आयोजनाको गुणस्तरमै प्रश्न उठाएका छन् । उनिहरुले गुणस्तर पूर्ण रुपमा जाच गरेपछि मात्र आयोजनाका बाँकी काम सञ्चालन गर्न समेत सुझाव दिएका छन् । सुरूङमार्गको काम चिनियाँ सिनो हाइड्रो कम्पनी र गेटलगायत निर्माण कार्य भारतको प्रिसिजन इनफाट्रिक कम्पनीले गरेको हो । सुरूङमा पानी परीक्षणका क्रममा दुर्घटना भएपछि सुरूङको निर्माण र त्यहाँ प्रयोग गरिएका सिमेन्टलगायत सामग्री गुणस्तरबारे पनि प्रश्न उठेका छन् । गेट र सुरूङ निर्माणमा कतै समस्या छन् कि भन्नेबारे पनि मन्त्रालयबाट खटिएको समितिले अध्ययन गर्नेछ ।




महालेखाद्वारा अनियमितताको आशंका

मेलाम्ची खानेपानी बिकास समिति अन्तर्गत हेडवर्क्स तथा सुरुङ्ग निर्माण कार्यका निर्माण व्यवसायीले २०७५ मंसिर २९ देखि परामर्शदाता एवं आयोजनालाई जानकारी नदिई निर्माण स्थल छोडी गएको कारणवाट निर्माण कार्य अवरुद्व भएको र निजवाट बाँकी निर्माण कार्य हुन नसक्ने जानकारी परामर्मर्शदाताले दिए अनुसार २०७५ माध २४ को निर्णयानुसार खरिद सम्झौताको अन्त्य गरेको छ । खरिद सम्झौता अनुसार निर्माण व्यवसायीले साइटमा छाडेका उपकरण, निर्माण सामाग्री र सम्पन्न भएको कामको मूल्यांकन गरेको छैन ।

सम्झौता रु. ७ अर्ब ७२ करोड ३४ लाख मध्ये रु. ५ अर्ब ९१ करोड ९ लाखको काम सम्पन्न गरी रु.१ अर्ब ८१ करोड २५ लाखको काम बाँकी रहेको छ । बाँकी कामको लागि रु.२ अर्ब २७ करोड ८२ लाखमा अन्य निर्माण व्यवसायीसँग खरिद सम्झौता भएको छ । बाँकी काम पुरा गर्न लाग्ने थप लागत रु.४६ करोड ५७ लाख, ४६ औं रनिङ विलसम्मवाट कट्टा नगरेको रु.४९ करोड ५ लाख, निर्माण सामाग्री पेश्की वाँकी रु.१९ करोड ६२ लाख तथा अन्य आपूर्तिकर्ता र सेवा प्रदायकलाई भुक्तानी गर्न वाँकी रकम समेत निर्माण व्यवसायीवाट असुल गरी कालो सूचिमा राख्ने कारवाही नगरेको प्रतिवेदनमा औल्याएको छ ।

सोहि कार्यको लागि २०७० असार ३१ मा भएको सम्झौतामा प्रोभिजनल सममा रहेको सवै रकम स्थानीय मुद्रामा भुक्तानी

बाँकी पृष्ठ २

# फिरौती खाएर भाञ्जाको 'ज्यान लिने' मामा

■ नारायण ढुंगाना/रासस

काठमाडौं । 'रक्षक नै भक्षक' भन्ने उखान नै छ । कहिलेकाहीँ आफन्त नै काल बनेर उभिन्छन् । संरक्षण दिनुपर्ने मान्छे बलात्कार, हत्या, हिंसामा उद्दत हुन्छन् । मुलुकमा पटकपटक यस्ता घटना दोहोरिँदै पनि आएको छ । यस्तै खालको एउटा घटना १३ वर्षअघि काठमाडौँमा भएको थियो । 'बाह्र वर्षपछि खोलो पनि फर्किन्छ' भने झैँ अन्ततः उनी प्रहरीको नजरमा लुक्न सकेनन् ।

भाञ्जाको हत्या आरोपित एक भारतीयलाई महानगरीय अपराध नियन्त्रण महाशाखाको टोलीले शनिबार पक्राउ गरेको छ । अभियुक्त भारत बिहार, सीतामढी जिल्ला मुजफ्फरपुर घर भई तत्कालीन काठमाडौंमहानगरपालिका-२२ खिचापोखरी बस्ने ४५ वर्षीय राजेशकुमार गुप्ता हुन् । नेपालीलाई मतियार बनाएर अपरहण गरी उनले आफ्नै भाञ्जाको हत्या गरेको अभियोग लगाइएको छ । फिरौती लिएर पनि उनले भाञ्जालाई सकुशल छाडेनन् । बेलाबेलामा नेपाल आए पनि भारतमा लुक्दै आएका उनलाई तेह्र वर्षपछि प्रहरीले समातेको हो ।

त्यतिखेर ११ वर्षीय रोहित गुप्ता राय स्कूल जोरपाटीमा कक्षा ७ मा अध्ययनरत थिए । सहयोगीको साथ लिएर राजेशले विसं २०६४ असोज २४ गते राति रोहितको अपहरणपछि हत्या गरेको आरोप लगाइएको छ । आफ्नै ज्वाइँलाई झुक्यानमा पारी फिरौती रकम लिएर पनि उनले हत्या गरेको महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दीपक थापाले बताए ।



राजेशले रोहितका बाबु वासुदेवसँग छोरा अपहरणमा परेकाले रु दुई लाख पचास हजार फिरौती मागेका थिए । कुरा गर्दा रु दुई लाख दिने सहमति भयो । उक्त सूचना प्रहरीमा आएपछि खोजतलासका क्रममा असोज २७ गते राति काठमाडौँ महानगरपालिका -३२ कमलादीस्थित गणेश मन्दिर नजीक सडक पेटीमा प्लाष्टिकका बोरामा एउटा पोको फेला पर्यो । पोको खोल्दा भेटिएको

बाँकी पृष्ठ २

# कर्णालीमा विद्यालय खोल्ने तयारी

■ सौर्य समाचार

काठमाडौँ । कोरोना महामारी रोकथामका लागि सङ्घीय सरकारले बन्दाबन्दी जारी राखेका कारण देशभर शिक्षालय बन्द रहेका बेला कर्णाली प्रदेश सरकारले स्वास्थ्य जोखिम नभएका स्थानमा विद्यालय खोल्ने तयारी गरेको छ । प्रदेश सरकारले कोरोना भाइरसको सङ्क्रमण नदेखिएका ठाउँमा विद्यालय खोल्नका लागि केन्द्र सरकारलाई गत जेठ र असारमा दुई पटक लिखित अनुमति मागेकामा हालसम्म कुनै निर्णय प्राप्त नभएकाले अब प्रदेश र स्थानीय तहमै निर्णय गरेर विद्यालय खोल्न लागिएको हो ।

मुलुकभर बन्दाबन्दी जारी गर्ने अधिकार केन्द्रको भए पनि विद्यालय तहको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी संविधानतः स्थानीय तहको भएकाले तिनले निर्णय गरेर विद्यालय खोल्न प्रदेश सरकारले सम्बन्धित निकायलाई निर्देशन दिएको हो । प्रदेशमा १० जिल्ला छन् ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ नेपालले सञ्चालन गरेको भर्चुअल प्रविधिको आइतबारको छलफलको एघारौँ शृङ्खलामा सहभागी कर्णाली प्रदेशका सरकारका प्रमुख सचिव टेकनारायण पाण्डेले जोखिम नभएका माथिल्लो कर्णालीका जिल्लाका विद्यालयमा अनलाइन वा सञ्चारमाध्यमको पहुँच कम भएका क्षेत्रमा विद्यालय नखुलाइए शैक्षिक रिक्तता र क्षति बढ्ने भएकाले अब विद्यालय सञ्चालन गर्नाको विकल्प नभएको बताए । प्रदेश सरकारको सो प्रस्ताव सङ्घीय सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत कोरोना रोकथाम र व्यवस्थापन केन्द्र (सिसिएसी) मा पुगेको जनाइएको छ ।



प्रमुख सचिव पाण्डेले सङ्घीयता केन्द्रीयकरण र स्थानीयकरणको दोसाँधमा हुनाको स्थितिले केन्द्रले गत चैत ५ गतेको निर्णयबाट माध्यमिक शिक्षा परीक्षा (एसइई) रोक्दा सबैतिर प्रभावित हुनुपरेको जनाउँदै त्यतिबेला पनि आफूहरु परीक्षा र विद्यालय सञ्चालनको स्थितिमा रहेको स्पष्ट पारे ।उनले स्थानीय तहले क्वारेन्टिन बनेका विद्यालयलाई निर्मलीकरण र शिक्षकको व्यवस्थापन गरी खुलाउन सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयका अधिकारीलाई निर्देशन दिइएको जानकारी दिए । हिमाली जिल्लामा फागुनमा शैक्षिकसत्र शुरु भई मङ्सिरमा वार्षिक परीक्षा लिइसक्नुपर्ने भएकाले लामो समय पढाइ रोक्न नहुने प्रदेश सरकारको निष्कर्ष छ ।

सो प्रदेशमा दुई हजार ७१९ बाल विकास केन्द्र, तीन हजार एक सय ८७ विद्यालय र ५६ क्याम्पस तथा करीब ६ लाख विद्यार्थी छन् । प्रदेशको हिमाली जिल्लामा गत फागुनमै भर्ना शुरु भई भर्ना कार्यक्रम र पाठ्यपुस्तक वितरण शुरु भइसकेको थियो । विपद् जोखिम प्रतिकार्यका लागि स्थापित नेपाल शिक्षा समूह (एजुकेशन क्लष्टर) मा कार्यरत सेभ द चिल्ड्रेनका प्रतिनिधि आत्माराम भट्टराईले प्रदेशका ४१ स्थानीय तह अर्थात् ५२ प्रतिशत कोरोनामुक्त देखिएकाले क्रमशः विद्यालय खोल्न सकिने बताए । सो प्रदेशमा इन्टरनेटमा १८ दशमलव ४० प्रतिशत बालबालिकाको मात्रै पहुँच छ ।

शिक्षा समूहले हालसम्म पहिचान गरेको विवरणानुसार प्रदेशमा नेपाल टेलिभिजनको पहुँचका विद्यालय नौ दशमलव ५४, स्थानीय टेलिभिजनको पहुँचका पाँच दशमलव ९१, रेडियो नेपालको पहुँचका ८३ दशमलव १९, स्थानीय एफएमको पहुँचका ७४ दशमलव १६ र कुनै पनि विद्युतीय सञ्चार साधनमा पहुँच नभएका बालबालिका नौ प्रतिशत २० हजार ७४६० छन् ।

सङ्घीय सरकारले 'वैकल्पिक प्रणालीको सिकाइ सहजीकरण निर्देशिका, २०७७' जारी गरी गत असार १ गतेदेखि वैकल्पिक विधिबाट सिकाइ निरन्तरता दिने नीति लिएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गत जेठ १८ गते सो निर्देशिका र त्यसका लागि कार्यविधि जारी गरी असार १ देखि अनलाइन, रेडियो र टेलिभिजनबाट पठनपाठन गराउन निर्देश गरेको थियो । हाल मुलुकभरका करीब ३५ हजार विद्यालयमा ८० लाख विद्यार्थी अध्ययनरत छन् ।

प्रदेश, सामाजिक विकास मन्त्रालयका कामु सचिव धर्मजीत शाहीले वैकल्पिक रुपमा पठनपाठनलाई निरन्तरता दिन र विद्यालय तत्काल खोल्न स्थानीय तह र विद्यालय तहबाट सक्रियता नदेखिएको स्थितिमा प्रदेश सरकारले चाँडै आवश्यक पहल गर्ने बताए । नेपाल शिक्षक महासङ्घका उपाध्यक्ष तिलक कुँवरले सुरक्षाको प्रबन्ध भएमा आफूहरु विद्यालयमा जान तत्पर रहेको स्पष्ट गरे ।

महासङ्घका केन्द्रीय अध्यक्ष कृष्ण थापाले विद्यालय व्यवस्थापन समितिको क्रियाशीललता बढाई शिक्षकविद्यार्थीको सुरक्षाको अनिवार्य सुनिश्चितता गरेर विद्यालय र पठापाठन सञ्चालन हुनुपर्ने बताए । महासङ्घका कर्णाली प्रदेश अध्यक्ष गोविन्द कोइरालाले सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई नै विद्यालय खोल्ने निर्णयको अधिकार दिन आग्रह गरे । महासङ्घका महासचिव गुणराज मोक्तानका अनुसार संस्थाले वैकल्पिक प्रणालीको सिकाइ निरन्तरमा देखिएका समस्या, चुनौती र सफल अभ्यासको तथ्यगत बहस गरी सहजीकरण गर्दै आएको छ ।

# विदेशमा कोरोनाबाट थप १६ नेपालीको निधन

■ सौर्य समाचार




काठमाडौँ । विश्वभर महामारीका रूपमा फैलिएको कोभिड-१९ को सङ्क्रमणका कारण विदेशमा यस साता थप १६ नेपालीको निधन भएको छ । गैरआवासीय नेपाली सङ्घ, स्वास्थ्य समितिका अनुसार यस साता कतारमा आठ, युएईमा पाँच र कुवेतमा तीन जनाको निधन भएको हो ।

कतारमा निधन भएका आठमध्ये दुई जनाको निधन हुनुअघि कोरोना सङ्क्रमण पुष्टि भएको र बाँकी छ जनाको निधनपछि कोरोना पोजेटिभ देखिएको समितिले जनाएको छ । शनिबार साँझसम्म १४ देशमा १६० नेपालीको कोरोना सङ्क्रमणका कारण निधन भएको समितिका संयोजक डा सञ्जीव सापकोटाले जानकारी दिए ।

सङ्घका अनुसार जम्मा कोराना सङ्क्रमित नेपालीमध्ये ९३ प्रतिशत कोरोना सङ्क्रमणबाट मुक्त भएका छन् । अफ्रिकी मुलुकमा कोरोना भाइरसबाट सङ्क्रमित नेपालीमध्ये सबै मुक्त भएका छन् । साथै मध्यपूर्वका केही देशमा रहेका नेपालीमा भने अझै कोरोना भाइरसको सङ्क्रमण नरोकिएको सङ्घले आइतबार विज्ञप्तिमार्फत जनाएको छ । हालसम्म विभिन्न देशमा कूल ३० हजार ५७१ सङ्क्रमित नेपालीमध्ये २८ हजार ६८१ जना सङ्क्रमणमुक्त भएको सङ्घको तथ्याङ्क छ। यसैगरी भारत, साउदी अरेबिया, युएई र कुवेतमा मात्र यस साता ९५० नेपालीमा कोरोना सङ्क्रमण देखिएको समितिले जनाएको छ ।


डिभिजन वन कार्यालय झापाको

**काठ दाउरा लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/०४/०५**

यस कार्यालय र अन्तर्गतका सब डिभिजन वन कार्यालय, दमक सडक डिभिजन वन कार्यालय र मेचिनगर खानेपानीको कम्पाउण्ड धाटगद्दीमा रहेका तपशीलको काठ दाउरा जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा दरभाउपत्र/बोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। इच्छुक मू.अ. करमा दर्ता फर्म, कम्पनी वा सप्लायर्सले यो सूचना प्रकाशन भएको २१ दिनेभित्र यस कार्यालयमा बोलपत्र/दरभाउपत्र खरिद गरी तोकिएको शर्तहरुको अधिनमा रही दाखिला गर्न यो सूचना आव्हान गरिन्छ। विस्तृत जानकारी डिभिजन वन कार्यालय झापाको सूचना पाटीमा टाँस गरिएको छ ।

| दरभाउपत्र/बोलपत्र संख्या | लट | काठ दाउराको परिणाम (क्यू.फि.) |
|---|---|---|
| १/२०७७/०७८ | १ | १२२०.४२ |
| | २ | १ चट्टा दाउरा |
| | | ८२०.९३ |
| | | ६ चट्टा दाउरा |


# नेपाल कोरिया अस्पतालमा पिसिआर परीक्षण

■ सौर्य समाचार

भक्तपुर । मध्यपुरथिमि नगरपालिकाद्वारा सञ्चालित नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालले भक्तपुर क्यान्सर अस्पताल र शहीद गङ्गालाल हृदय रोग केन्द्रका बिरामीको निःशुल्क पिसिआर परीक्षण शुरु गरेको छ । नेपाल कोरिया अस्पतालसँग क्यान्सर अस्पताल र केन्द्रले सम्झौता गरी कोरोना भाइरस जाँचका लागि निःशुल्क पिसिआर परीक्षण शुरु गरिएको हो ।

नगरप्रमुख एवं अस्पताल व्यवस्थापन समितिका अध्यक्ष मदनसुन्दर श्रेष्ठले क्यान्सर अस्पतालमा आएका बिरामीमध्ये शल्यक्रिया गर्नुपर्ने दैनिक सात जनासम्म बिरामी र केन्द्रमा शल्यक्रिया गर्नुपर्ने दैनिक १० जनासम्म बिरामीको निःशुल्क पिसिआर परीक्षण गर्न शुरु गरिएको बताए । नगरप्रमुख श्रेष्ठले भने, 'नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालले भक्तपुर क्यान्सर र गङ्गालाल अस्पतालमा आएका बिरामीमध्ये तत्काल शल्यक्रिया गर्नुपर्ने बिरामीको निःशुल्क पिसिआर परीक्षण गरी २४ घण्टाभित्र रिपोर्ट दिने गरी सहमति गरेका छौँ ।' क्यान्सर र गङ्गालाल अस्पताललाई यसले सहयोग पुग्नाका साथै शल्यक्रिया गर्नुपर्ने बिरामीले समेत छिटो उपचार पाउने उनको विश्वास छ ।

क्यान्सर अस्पतालका प्रशासकीय प्रमुख राजाराम तजलेले राष्ट्रिय प्रयोगशालामा पिसिआर परीक्षण गर्न पठाउँदा रिपोर्ट आउन पाँचदेखि सात दिनसम्म लाग्ने गरेकामा अब नेपाल कोरिया अस्पतालले दैनिक सात जनासम्मको निःशुल्क पिसिआर परीक्षण गरी २४ घण्टामै रिपोर्ट दिँदा अस्पताल र बिरामीलाई ठूलो सहयोग हुने बताए ।

गङ्गालाल अस्पतालले मध्यपुरथिमि नगरपालिकाको यो सहयोग उदाहरणीय भएको र यसबाट बिरामीले छिटो उपचार पाउन सजिलो हुने जनाएको छ । यसअघि पनि नगरपालिकाका जनप्रतिनिधि, सोही अस्पतालका बिरामी, कर्मचारी, पत्रकार, वाग्मती प्रदेशसभा सदस्य, अन्य नगरपालिकाका जनप्रतिनिधि, विभिन्न अस्पतालका आपत्कालीन अवस्थाका बिरामी गरी करीब एक हजार जनाको निःशुल्क पिसिआर परीक्षण गरिसकिएको छ ।

यसैबीच लायन्स क्लबले सो अस्पताललाई ४०० थान पिसिआर किट प्रदान गरेको छ । अस्पतालमा लायन्स क्लबको समूहले नगरप्रमुख श्रेष्ठलाई स्वाब सङ्कलन गर्ने किट हस्तान्तरण गरेको हो ।


NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
भक्तपुर शाखा, भक्तपुर नगरपालिका, सुर्यविनायक,
सम्पर्क फोन.:+९७७-०१-६६१९१८२/८३/८४

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री भवानी प्रसाद पौडेलको नाति, भिम प्रसाद पौडेलको छोरा, प्रदेश १ मोरङ्ग जिल्ला, उर्लाबारी नगरपालिका वडा नं. ६ हाल उर्लाबारी - ६ बस्ने ६० वर्ष को श्री ढुण्डी राज पौडेलको मिति २०७६/११/१३ (ई.सं. २५/०२/२०२०) मा मृत्यु भएकोले स्व. ढुण्डी राज पौडेलकी पत्नी हाल उर्लाबारी - ६ बस्ने श्रीमती शशिला पौडेलले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको भक्तपुर शाखा, भक्तपुर नगरपालिका, सर्यविनायकमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि



NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
ग्वार्को शाखा, ललितपुर महानगरपालिका,
सम्पर्क फोन.: +९७७-०१-५२०२५७९/५२०२६०७

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री खडक बहादुर लिम्बुकी नातिनी, हर्क बहादुर लिम्बुकी छोरी, प्रदेश ३ ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ४ हाल सोही स्थान बस्ने ७७ वर्ष की श्री बिष्णु माया राई को मिति २०७७/०१/२२ (ई.सं. २०२०/०५/०४) मा मृत्यु भएकोले हाल ललितपुर-४ बस्ने श्री हेमा राईले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको ग्वार्को शाखा, ललितपुर उप महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि


## फिरौती...

शव रोहितको थियो । अनुसन्धानको सिलसिलामा ती अपहरणकारी अरु कोही नभएर आफ्नै मामा राजेशकुमार रहेको खुलेपछि प्रहरीले खोजतलास तीव्र पारेको थियो । उनले आफ्ना पुराना सहयोगी (कामदार) धादिङका विष्णु सुनारसमेतको संलग्नतामा जादु सिकाउने बहानामा बालकलाई अपहरण गरेका थिए । बालकको हत्यापछि बोरामा हालेर खुद्रा सामान भएको भनी भरिया प्रयोग गरेर कमलादीमा लगी फ्याँकेको प्रहरीले जनाएको छ ।

योजनामुताविक सुनारले वासुदेवलाई फोन गरेर फिरौती रकम बालकका मामा राजेशलाई पठाउन भने । सोहीअनुसार फिरौती बुझ्न ज्वाइँकहाँ मामा पुगेका थिए । घटनापछि राजेशले फिरौतीबापतको रु दुई लाख बुझे । उनले वासुदेवलाई ट्याक्सीमा आएका अपरिचित व्यक्तिले थानकोटको त्रिभुवन पार्कबाट लुटेको बहाना बुने । बालकका बुवा वासुदेवलाई समेत झुक्यानमा पारी राजेशले केही दिन अनुसन्धानमा सहयोग गरे जस्तो पनि गरे । पटकपटक प्रहरी कार्यालयमा पुगेर खोजतलासमा सरिक भए । त्यसपछि छठको बहानामा घर जाने भनी उनी फरार भएका थिए । घटनामा संलग्न सुनार सोही साल मङ्सिर ८ गते नै पक्राउ परेपछि घटनाको रहस्य खुलेको हो । उनकै बयानका आधारमा प्रहरी राजेशसम्म पुगेको थियो । सुनार हाल कारागारमा छन् । फरार हुँदै आएका राजेश भने भारत पुगेको सूचना प्रहरीमा थियो । सुपुर्दगी ऐनअनुसार उनलाई ल्याउने प्रयास सफल हुन सकेन । उनी नेपाल आउजाउ गरेको सूचना प्राप्त भएपछि केहीअघि विराटनगरमा पक्राउ गर्न लाग्दा उम्किएका थिए । यसपटक उनी सर्लाहीमा रहेको महानगरीय अपराध महाशाखामा सूचना आयो । तत्कालै टोली पठाएर शनिबार सर्लाहीको मलंगवाबाट महाशाखाको टोलीले उनलाई पक्राउ गरेको हो । वासुदेवको काठमाडौँमा कपडाको पसल छ । पहिले राजेश पनि कपडाको थोक व्यापार गर्थे । घाटा लागेपछि पेशा छाडेर धेरै कमाउने लोभमा अपराध कर्म गरेको खुल्न आएका प्रवउ थापाले बताए ।

## मध्यराति...

छेउमा बसेको थिएँ त्यसले हाम फाल्न सकें ।'

उनले ट्याक्टरबाट हाम फालेर बाटो छेउको डिभाइडरलाई समात्न पुगेकोसम्म आफुलाई थाहा भएको बताउछन् । ट्याक्टर तल खसेपछि गाउँमा गुहार गरि मानिस बोलाए पनि अध्यारो र हुस्सु लागेकाले तत्काल उद्धार गर्न नसकिएको उनको भनाई छ । साउने संक्रान्ति मनाएर फर्किदै गरेका साथीलाई लिन विशाल सहित चार जना भिंगृबाट ट्याक्टर लिएर धरमपानी पुगेका थिए । उनिहरुले नै ती साथीलाई ट्याक्टरमा हालेर फर्किदै गर्दा दुर्घटना भएको थियो । ट्र्याक्टरमा आठ जना सवारमध्ये एक ट्र्याक्टरबाट हामफलेर विशाल मात्र बाँच्न सफल भएका हुन् । सडकबाट करिब ५०० मिटर तल खसेको थियो ।

## प्राविधिक...

गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीलाई प्रोभिजनल समबाट रु. २ अर्ब ९५ करोड ८९ लाख ३५ हजार भुक्तानी गर्दा ७१.९ प्रतिशत रकम विदेशी मुद्रामा भुक्तानी गरी नेपाल सरकारलाई विनिमय नोक्सानी वापत थप व्ययभार पारेको रु. २१ करोड १३ लाख ७ हजार समेत असूल गर्न सरकारलाई निर्देशन दिएको छ । यसैगरी, मेलम्ची खानेपानी विकास समिति र एक निर्माण व्यवसायीबीच भएको सम्झौतामा १५ प्रतिशत ओभरहेड समावेश गर्न मिल्ने व्यवस्था छ । उक्त निर्माण व्यवसायीलाई ४६ औं बिलसम्म नयाँ आइटमको नयाँ दरमा भेरिएसन गरेको कामको दर विश्लेषण गर्दा २० प्रतिशत ओभरहेड कायम गरी भुक्तानी गरेको छ । सम्झौतामा उल्लेख भएभन्दा बढी दरमा भुक्तानी गरेकोरु.८ करोड १ लाख ४७ असुल गर्न भनेको छ ।

## प्रचण्डको...

बताएको ओली निकट एक नेताले जानकारी दिएका छन् । दुई अध्यक्षको बालुवाटारमा भएको छलफल पनि निचोडमा पुग्न नसकेको बताइएको छ । दुवै नेता पुरानै अडानमा कायम रहेको र सहमतिका विकल्पमा ठोस समझदारी जुट्न नसकेको बताइएको छ ।

## २ सय...

थियो । 'पर्वतको पहिरो जाँदा माथीबाट ठुलो भेलपहिरो बग्यो र सोही भेलपहिरो नै यसको मुख्य कारक रहेछ' प्राधिकरणका सिइओ पोखरेलले भने, 'जुन तरिकाले मनपरी बस्तीहरु बसाउने, अन्धाधुन्द सडकहरु खन्ने, जोखिमको हिसाबबाट नहेरी सडक बनाउँदा यो अवस्था आएको देखियो ।' बझाडको केदास्यूँ गाउँपालिका र गुल्मीमा गएको पहिरो पनि भेल पहिरो विस्फोटका कारण भएको विज्ञहरूले पुष्टि गरेका छन् । पहिलो अध्ययनमा सक्रिय खानी तथा भूगर्भ विभागका वरिष्ठ भूगर्भविद् शिवकुमार बाँस्कोटाका अनुसार पछिल्लो समय ठूला डाँडा वा सुख्खा पहिरो बढी खसेका छैनन् । डाँडाँमा रहेका साना खहरे खोलाहुँदै पहिरो खसिरहेका छन् ।

'खोला बग्दै तल खस्दा ढुंगा, माटो, रुख बुट्यानले केहीबेर थुनिएको देखिन्छ, त्यसपछि केहीबेरमा विस्फोट हुँदै भेल पहिरो बनेर बस्तीसम्म पुगेको हो', बाँस्कोटाले भने । सिन्धुपाल्चोकमा गएको पहिरो पनि यस्तै भएको उनले बताए । पहिला खहरे थुनिएर विस्फोट भयो । त्यहाँ भोटेकोसीको बाढीले पनि क्षति गरेकाले दोब्बर नोक्सान भएको छ । विज्ञहरुले जोखिममा रहेका बस्तीहरुको पहिचान गरेर सुरक्षित स्थानमा सारिनुपर्ने बताउछन् ।

**सच्याइएको**

प्रकाशित मिति २०७७/०३/१५, १६ र १७ गतको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा एण्ड रिसर्च सेन्टर प्रा.लि नाम परिवर्तन गरिएको सूचनामा प्रथम पटक, दोस्रो पटक र तेस्रो पटक हुनु पर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।


**काठ लिलाम विक्रि सम्बन्धि सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०७७/४/५**

गन्यापधुरा गाउँपालिका १ जर्मना डडेल्धुरामा रहेको निरपाल महिला सा.व.उ.स को वन क्षेत्रबाट आ.व. ०७६/०७७ मा उत्पादन भई गन्यापधुरा-१, भातकाँडा डडेल्धुरामा घाटगद्दी गरी राखिएको A ग्रेडको ६० गोलिया थानको परिमाण ११३३.८१ क्यू.फिट काठ ग्रेड B को ८० थानको ८८८.३६ क्यूफिट जम्मा १४० गोलिया थानको २०२२.१७ क्यूफिट सल्ला जातको काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ दिन भित्र बोलपत्र खरीद गरी ८ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागी यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।



Nepa Hima Trade Link Pvt. Ltd.
Bhakhundol, Lalitpur, Nepal
VAT No. 500004814

| SN | Category | Model | Brand | Origin | Capacity | Unit | MRP |
|---|---|---|---|---|---|---|---|
| 1 | Television | KLV-32W602D | Sony | Malaysia | 32" | 1 | 57,500 |
| 2 | | KD-43X7500F | | | 43" | 1 | 120,000 |
| 3 | | KD-43X7000G | | | 43" | 1 | 110,000 |
| 4 | | KD-49X7000G | | | 49" | 1 | 135,000 |
| 5 | | KDL-50W660G | | | 50" | 1 | 115,000 |
| 6 | | KD-55X7000G | | | 55" | 1 | 160,000 |

* Note : Price are subject to change without prior notice.

# पुल निर्माण नहुँदा आवतजावतमा समस्या



■ बासुदेव गिरी

प्युठान । झिमरुक गाउँपालिका–५ ढाँडास्थित झिमरुक खोलामा समयमै पक्की पुल निर्माण हुन सकेको छैन । समयमै पुल निर्माण हुन नसक्दा यस क्षेत्रका स्थानीयलाई आवतजावतमा समस्या परेको छ । पुल निर्माण नहुँदा अन्य समयमाभन्दा वर्षाको समयमा झिमरुक गाउँपालिका-७ को तुषारा र ८ को टिमुरचौर र गौमुखी गाउँपालिका वडा-६ लिवाङका स्थानीयलाई सास्ती भोग्नुपरेको हो ।

आव ०७२/७३ मा सम्झौता भई काम सुरु गरिएको स्याउलीघारी–ढाँड पुल समयमै निर्माण हुन नसक्दा यस क्षेत्रका स्थानियलाई जोखिमपूर्ण यात्रा गर्नुपरेको हो । सम्झौता भएको दुई वर्षमा पुल निर्माणको काम सकाउने भनिए पनि पुल निर्माण अझै भएको छैन् । पुल नहुँदा वर्षाको समयममा असारदेखि कात्तिकसम्म यस क्षेत्रका स्थानीयलाई जोखिमपूर्ण यात्रा गर्नुपर्ने झिमरुक-८ का वडाध्यक्ष तुलस बस्नेतले बताए । अन्य समयमा यस क्षेत्रमा सवारीसाधन नियमित चले पनि वर्षा सुरु भएदेखि तुषारा, टिमुरचौर, लिवाङ, पुजाँ, खवाङ लगायतका क्षेत्रमा सवारीसाधन नचलेको उनले बताए ।

सवारीसाधन नचल्दा यस क्षेत्रका नागरिक पैदल हिँडेर गाउँपालिका केन्द्रसँगै व्यापारिक केन्द्र बाग्दुला, खलंगा, विजुवार, जुम्री आउनुपर्ने बाध्यता छ । यातायात नचल्दा मच्छी ढाँडा पुग्नका लागि दुईदेखि तीन घण्टा पैदल हिँड्नुपर्ने बाध्यता रहेको वडाध्यक्ष बस्नेतले बताए ।

पुल निर्माण नहुँदा यस क्षेत्रका अन्य नागरिकसँगै बिरामीलाई आवतजावतमा समस्या परेको छ । पहिलेका समयमा गाउँसम्म एम्बुलेन्ससँगै अन्य सवारीसाधनमा बिरामी बोके पनि वर्षाको समयमा सवारीसाधन नचल्दा झिमरुक-८ का कृष्ण भट्टराईले आफ्नी आमालाई स्टेचरमा बोकेर अस्पताल लगेको बताए । दाजुभाइको सहायतामा मिर्गौला र पेटसम्बन्धी बिरामी भएकी आमा पार्वती भट्टराई बोकेर सड्कसम्म ल्याई उपचारका लागि भैरहवा पुऱ्याएको उनले जानकारी दिए । पुल निर्माण भयो भने यस क्षेत्रका बिरामीसँगै अन्य नागरिकलाई आवतजावतमा सहज हुने उनको भनाइ छ ।

यसैगरी गत १५ असारमा परेको भीषण वर्षाले ढाड-गब्दी-टिमुरचौर-दिहाल्ना सडकखण्डको फूलबारी बाँसबारी क्षेत्रमा पहिरो खस्दा वडा-८ मा जनताआवास कार्यक्रमबाट परेका १५ वटा घर निर्माण गर्न नसकिएको वडाध्यक्ष बस्नेतले बताए । घर निर्माणका लागि झिमरुक वारीबाट गिटी, बालुवा लैजानुपर्ने भए पनि सडक पहिरोले अवरुद्ध हुँदा यी सामग्री ढुवानी गर्न नसक्दा घर निर्माण हुन नसकेको उनी बताउँछन् । घर निर्माणसँगै यस क्षेत्रमा हुने अन्य काममा समेत पहिरोले समस्या बनाएको उनको भनाइ छ । सडक माथिबाट ठूलो पहिरो आएपछि वडाबाट समेत हटाउनका लागि नसकिएको उनको भनाइ छ ।

पुल निर्माण नहुँदा वर्षामा यस क्षेत्रमा व्यक्तिहरू आवतजावतमा समस्या हुनुका साथै घरबाट निस्किएको मान्छे फर्कन्छ या फर्कन्न भन्ने चिन्ता परिवारलाई हुने वडाध्यक्ष बस्नेतले बताए । प्रत्येक वर्ष खोलामा परी ज्यानसमेत गुमाउनुपरेको उनको भनाइ छ । पुल निर्माण नहुँदा झिमरुक, गौमुखी र नौवहिनी क्षेत्रका करिब १५ हजार जनतालाई बर्खाको समयमा आवतजावतमा समस्या परेको अध्यक्ष बस्नेतले बताए ।

आव ०७२/७३ मा सम्झौता गरिएको स्याउलीघारी–ढाँड जोड्ने पक्की पुल दुई वर्षभित्र निर्माण सम्पन्न हुने गरी नीलगिरि आँशु जेभी निर्माण सेवाले ठेक्का लिएको थियो । पिलर राख्ने ठाउँमा ओपन फाउन्डेसन परेकाले केही समय काम रोकियो । गत असोजमा निर्माण व्यवसायी, प्रदेश सरकार र सडक पुल कार्यक्रम एलआरबिपीबीच वुटवलमा भएको छलफलपछि पुनः पुल निर्माणको काम सुरु भएको छ । प्रदेश-५ सरकार भौतिक पूर्वाधार मन्त्रालयको ४ करोड ५० लाखको लागतमा सय मिटर लामो पक्की पुल निर्माण हुँदै छ । पुलको हालसम्म ४६ प्रतिशत काम भएको छ । पाँच वटा पिल्लर निर्माण, नदी नियन्त्रण र पहुँच मार्ग निर्माणको काम सम्पन्न भएको सडक पूर्वाधार विकास कार्यालय रोल्पाका कार्यालय प्रमुख इन्जिनियर नविन श्रेष्ठले बताए । बर्खाको समयमा पुलको काम रोकिएको र पानी घटेपछि काम सुचारु हुने उनले बताए ।

# सम्बन्ध विच्छेद र जबर्जस्ती करणीका मुद्दामा वृद्धि



■ सौर्य समाचार

गाईघाट । उदयपुर जिल्लामा बर्सेनि सम्बन्ध विच्छेद र जबर्जस्ती करणीका मुद्दा बढ्दै गएको छ । आव ०७६/७७ को असार मसान्तसम्ममा जिल्लामा २ सय १८ मुद्दा सम्बन्ध विच्छेदसम्बन्धी रहेको जिल्ला अदालतका स्रेस्तेदार धनबहादुर कार्कीले बताए ।

यस्तै सोही आवमा ८३ वटा मुद्दा जबर्जस्ती करणीसम्बन्धी रहेका छन् । तीन वर्षदेखि निरन्तर रूपमा सबैभन्दा बढी अदालतमा सम्बन्ध विच्छेद र त्यसपछि जबर्जस्ती करणीका मुद्दा वृद्धि हुँदै गएको अदालतले जनाएको छ । जिल्ला अदालतले हालै न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक कार्यक्रमअन्तर्गत कार्य सम्पादन समीक्षा सार्वजनिक कार्यक्रममा सो जानकारी दिइएको हो ।

लागुऔषध सम्बन्धीका मुद्दाहरू पनि बढ्दै गएको छ । जिल्ला न्यायाधीश दीपक खनालका अनुसार यस्ता घटनामा वृद्धि हुनुमा समाजमा संस्कार चेतना र कानुनी ज्ञानको अभाव रहेको छ । जिल्ला न्यायाधीश तीर्थ केसी भन्छन्, 'गरिबी, चेतनाको अभाव कतिपय सामाजिक संस्कार र कुरीतिका कारण बर्सेनि यस्ता घटनाहरू बढ्नाका मुख्य कारण हुन् ।'

आव ०७६/७७ मा जिल्ला अदालतले झन्डै ६४ प्रतिशत मुद्दा फस्र्योट गर्ने लक्ष्य लिएको थियो । अदालतले एक वर्षभित्र ६ सय ५९ वटा अर्थात् ५७ प्रतिशत मुद्दाहरू किनारा लगाएको छ । न्याय सम्पादनलाई छिटो र सरल तरिकाले निरुपण गर्न, प्रशासनिक तथा कार्य सम्पादन सुधारमा अदालतले उच्च प्राथमिकता दिएको छ ।

# साउनमा शिवालय सुनसान

■ सौर्य समाचार

महोत्तरी। साउन महिनामा भक्तजनको भीड हुने महोत्तरीका शिवालय यसपालि सुनसान छन् । कोभिड-१९ संक्रमणको जोखिम कायम नै रहेको हुँदा यसपालि शिवालय सुनसान बनेका हुन् । साउन लाग्नासाथ शिवालयमा देखिने दर्शनार्थीको चाप यसपालि देखिएको छैन । 'साउन महिना सुरु भइसक्दा पनि यहाँ मान्छेको खासै चहलपहल नै छैन', बर्दिवास नगरपालिका-५ टुटेश्वर स्थित महादेव मन्दिर नजिकैका बुद्धि काफ्लेले भने, 'सार्वजनिक यातायात खुलेका छैनन्, प्रशासनले पनि साउने मेला नलगाउन र भिडभाड नगर्न आदेश नै जारी गरेपछि यसपालि साउने मेलाको चहलपहल नभएको हो ।'

जिल्लाका टुटेश्वरसहित जलेश्वरस्थित श्री जलेश्वरनाथ, भंगाहा-५ सिद्धपुरस्थित सिद्धनाथ र सोनमाको मगरथानास्थित श्री मंगलनाथ महादेव मन्दिर साउने मेलाको ठूलो जमघट हुँदै आएका धार्मिक स्थल मानिन्छन् । यसपालि साउन लाग्न एक दिनपूर्व नै जिल्ला प्रशासन कार्यालय महोत्तरीले साउने मेला लाग्न नहुने र कतै भीडभाड गर्न नपाइने आदेश नै जारी गरेको थियो । यहाँका शिवालयमा भारतीय दर्शनार्थीको चाप निकै हुने विगतको परम्परा रही आएको थियो । भिड हुनसक्ने अनुमान गरेर सतर्कता अपनाइएको प्रशासनले जनाएको छ । 'यहाँ विगतदेखि साउने मेलाको निकै ठूलो चहलपहल हुँदै आएको रहेछ', प्रजिअ कृष्णबहादुर कटुवालले भने, 'अहिले कोभिड-१९ संक्रमणको जोखिम छ, त्यसैले भिडभाड हुन नदिन मेला आयोजन नगर्न आदेश जारी गरिएको हो ।'

मिथिलामा साउन त्यसमाथि सोमबार शिवजीको अति प्रिय दिन भएको विश्वास गरिन्छ । प्रदेश-२ का आठ वटै जिल्लाको दक्षिणी सीमा भारतसँग खुला भएको हुँदा दुवै तर्फका शिवालयमा भक्तजनको दोहोरो बाक्लो ओहोरदोहोर हुँदै आएको छ । तर, यसपालि दक्षिणतर्फको भारतको विहारमा लक डाउन जारिरहेको र यता पनि सार्वजनिक यातायात सबै खुली नसकेका हुँदा शिवालयहरूमा भिड नहुन स्थानीय प्रशासनको आदेश पालनामा सहज भएको देखिन्छ ।

# वन्यजन्तुको आक्रमणबाट जोगाउन पर्खाल निर्माण

■ सौर्य समाचार



चितवन । निकुञ्ज र मध्यवर्ती सामुदायिक वनको सिमानामा बसोवास गर्ने नागरिकलाई वन्यजन्तुको आक्रमणबाट जोगाउन चितवनमा कङ्क्रिट पर्खाल निर्माण गरिएको छ । पूर्वी चितवनको खैरहनी र राप्ती नगरपालिकाअन्तर्गत पर्ने मध्यवर्ती सामुदायिक वन र बस्तीको सीमामा साढे दुई किलोमिटर पर्खाल निर्माण सम्पन्न गरिएको हो ।

वाग्मती प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले पहिलो चरणमा ५ दशमलव ५ किलोमिटर पर्खालका लागि ठेक्का सम्झौता गरेकामा आधा काम सम्पन्न भएको छ । पहिलो चरणमा जम्मा आठ किलोमिटर पर्खाल निर्माण गर्ने मन्त्रालयको लक्ष्य छ । बाँकी २ दशमलव ५ किलोमिटर पर्खालको ठेक्का सम्झौता भएर यस वर्षदेखि काम सुरु भएको हो ।

मन्त्रालयले आठ करोडको लागतमा ५ दशमलव ५ किलोमिटर पर्खाल निर्माण गरिरहेको इञ्जिनियर बालगोपाल सिग्देलले जानकारी दिए । पर्खालको ५० प्रतिशत काम सम्पन्न भएको र बाँकी यसै आवमा सम्पन्न हुने उनले बताए । खैरहनी नगरपालिकाको १०, ११, १२, १३ र राप्ती नगरपालिकाको १, ३ र ६ वडामा पर्खाल निर्माण गरिएको छ । सो क्षेत्रमा हात्ती, गैंडा, बँदेल लगायतका जंगली जनावर बस्तीमा पसेर बाली खानुका साथै धनजनको समेत क्षति गर्ने गरेका छन् ।

मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण कार्यक्रमअन्तर्गत चितवनका दुई नगरपालिकाको निकुञ्ज सिमानामा पर्खाल निर्माण भइरहेको भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री दावादोर्जे लामाले जानकारी दिए । 'सडक, पुलपुलेसो मात्र बनाएर हुँदैन, चितवनमा बर्सेनि वन्यजन्तुको आक्रमणबाट मानवले ज्यान गुमाउनुपरेको छ', उनले भने, 'यसको अन्त्य गर्न मन्त्रालयले निकुञ्ज र बस्तीको सिमानामा पर्खाल निर्माण गरिरहेको छ ।नागरिकको जीवनको रक्षा गर्ने राज्यको प्रमुख दायित्व रहेको हुँदो त्यसतर्फ पनि प्रदेश सरकारले ध्यान दिएको उनले बताए । उनले पहिलो चरणमा दुई नगरपालिका अन्तर्गतको निकुञ्ज सिमानामा १५ किलोमिटर पर्खाल निर्माण गरिने र बहुवर्षीय योजनाअनुरूप चितवनका निकुञ्ज सिमानामा पर्ने सबै नगरमा पर्खाल निर्माण गर्ने योजना रहेको जानकारी दिए । खैरहनी र राप्ती नगरपालिकाअन्तर्गत निकुञ्जको सिमानाका बस्तीमा वन्यजन्तु प्रवेश गरेर दुःख दिन थालेपछि मानव र वन्यजन्तुबीचमा द्वन्द्व बढ्दै गएको छ । द्वन्द्व बढेका कारण संरक्षणमा समेत असर पुगेको भन्दै संरक्षणकर्मीहरूले चिन्ता व्यक्त गर्दै आएका छन् ।कुमरोज मध्यवर्ती सामुदायिक वनका अध्यक्ष गणेशकुमार श्रेष्ठले प्रदेश सरकारबाट बस्ती र निकुञ्जको सिमानामा पर्खाल लगाउने कामले संरक्षणकर्मीलाई उत्साहित बनाएको बताए ।

'यो वन्यजन्तु संरक्षणका हिसाबले सबैभन्दा ठूलो काम हो', उनले भने, 'राज्यको तर्फबाट नागरिकको सुरक्षाका लागि गरिएको यस प्रकारको काम नेपालमै उदाहरणीय हो ।' उनले समयमै गुणस्तरीय काम गर्नका लागि सामुदायिक वनका तर्फबाट पनि निरन्तर निगरानी गरिरहेको जानकारी दिए । कुमरोजमा ९ सय ८० मिटर सामुदायिक वनका तर्फबाट पनि पर्खाल निर्माण गरिएको उनले बताए । पर्खाल निर्माणबाट चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा रहेका पाँच हजार बढी परिवार लाभान्वित हुने मन्त्रालयको अनुमान छ ।

# बाढीपहिरोले ७१ परिवार विस्थापित

■ सौर्य समाचार

दमौली । गत २८ र २९ मा गएको बाढीपहिराबाट तनहुँको म्याग्दे गाउँपालिकाका ७१ परिवार विस्थापित भएका छन् । बाढीपहिराले घर भत्किएपछि सात वटै वडाका ती परिवार विस्थापित भएका हुन् । म्याग्दे गाउँपालिका-१ का सात, वडा-२ का २७, वडा-३ का आठ, वडा-४ का दुई, वडा-५ का पाँच, वडा-६ र ७ का १४ परिवार विस्थापित भएको गाउँपालिकाका अध्यक्ष मायादेवी रानाले जानकारी दिइन् । विस्थापित भएकाहरू छिमेकीको घरमा र सामुदायिक भवनमा आश्रय लिएर बसिरहेका छन् ।

विस्थापित भएकाहरूलाई गाउँपालिकाले राहत वितरण गरेको छ । गाउँपालिकाका अध्यक्ष रानाका अनुसार ती परिवारलाई नगद पाँच हजार र दैनिक उपभोग्य वस्तुहरू प्रदान गरिएको छ । 'गाउँपालिका आफ्ना बासिन्दाप्रति उत्तरदायी छ, जनताको दुःखमा सहयोग गर्नु गाउँपालिकाको दायित्व हो', उनले भनिन्, 'पहिलो चरणमा प्राप्त तथ्यांकका आधारमा राहत सहयोग गरेका छौँ ।'

विस्थापित भएका घरधुरीको तथ्यांक संकलन गर्ने क्रममा पहिलो चरणमा ७१ परिवारलाई राहत वितरण गरिएको र बाँकीलाई क्रमशः वितरण गरिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले जानकारी दिए । उनका अनुसार अन्य जोखिममा



रहेका बासिन्दालाई पनि वडाबाट प्राप्त हुने विवरणका आधारमा राहत वितरण गरिनेछ । गत २८ असारमा आएको बाढीपहिराका कारण भएको क्षतिको विवरण संकलन गर्न शुक्लागण्डकी नगरपालिकाका जनप्रतिनिधि घरघरमै पुग्न थालेका छन् । नगरपालिकाका १२ वटै वडामा बाढीपहिराले क्षति भएकाले त्यसको यकिन तथ्यांक संकलन गर्नका लागि जनप्रतिनिधिले अनुगमन सुरु गरेका हुन् ।

बाढीपहिराका कारण शुक्लागण्डकीका घर, सामुदायिक भवन, सडक, पुल, कुलो, मठमन्दिर, खानेपानी पाइप, बिजुलीको पोललगायत भौतिक संरचनामा क्षति पुऱ्याएको छ । क्षतिको निरीक्षण गर्नका लागि नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीले शुक्रबारदेखि अनुगमन सुरु गरेको नगरपालिकाका प्रवक्ता खिमबहादुर कुमालले जानकारी दिए । नगरप्रमुख किसान गुरुङ नेतृत्वको टोलीले वडा-२, उपप्रमुख सविता रसाइलीको टोलीले ८ र ९, प्रवक्ता कुमालको टोलीले ५ र प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीको टोलीले ३, ६ र ७ वडाका विभिन्न स्थानमा पुगेर निरीक्षण गरेको छ । उक्त टोलीमा सम्बन्धित वडाका प्राविधिकसमेत रहेका छन् । प्राविधिकले क्षतिको तत्कालै लागत अनुमान निकाल्ने प्रमुख प्रशासकीय अधिकृत सुवेदीले जानकारी दिए । उनले भने, 'क्षतिग्रस्त संरचनाको तथ्यांक लिने र पीडामा रहेका नागरिकलाई सान्त्वना दिने गरेका छौँ ।'

तथ्यांक संकलनपश्चात् घर भत्किएकालाई पहिलो प्राथमिकता दिएर व्यवस्थापन गरिने नगरपालिकाले जनाएको छ । उनले भने, 'घर भत्किएकालाई तत्कालै व्यवस्थापन गर्नेछौं । त्यसपछि उच्च जोखिममा रहेकालाई स्थानान्तरण गर्ने र पहिराले अवरुद्ध मुख्य सडकहरू खुलाउने लगायतका काम गरिनेछ ।'

जिल्ला प्रशासन कार्यालयले बाढीपहिराका कारण जिल्लामा भएको क्षतिको विवरण संकलन भइरहेको जनाएको छ । बाढीपहिराबाट जिल्लामा ठूलो नोक्सानी भएको र त्यसको यकिन तथ्यांक लिने काम भइरहेको प्रजिअ बद्रीनाथ अधिकारीले जानकारी दिए ।

# सोरु गाउँपालिकाका स्टोरकिपर पक्राउ

■ नन्दबहादुर रोकाया

मुगु । सोरु गाउँपालिकाका खरिदार तथा स्टोर किपर ईश्वरबहादुर सिंह शनिबार पक्राउ परेका छन् । ज्यान मार्ने उद्योगमा जिल्ला अदालतले सिंहलाई पक्राउपूर्जी जारी गरेपछि सोरुकोट प्रहरीचौकीले गाउँपालिकाबाटै सिंहलाई पक्राउ गरेको छ ।

सोरु गाउँपालिकाबाट सरुवा भई गएका प्रमुख प्रशासकीय अधिकृत परशुराम उपाध्यायले सिंहलाई ज्यान मार्ने उद्योगमा किटानी जाहेरी दिएको एक वर्षपछि सिंहलाई प्रहरीले पक्राउ गरेको हो ।गत वर्षको असोज महिनामा तत्कालीन पालिका प्रमुख प्रशासकीय अधिकृत उपाध्याय पालिकाबाट सदरमुका मगमगढीतर्फ आउँदै गर्दा सोरु गाउँपालिकाको सिपगाउँमा केही व्यक्तिले आक्रमण गरी शक्त घाइते बनाएपछि उपाध्यायले सिंहविरुद्ध ज्यान मार्ने उद्योगको किटानी जाहेर दिएका थिए । अदालतको आदेशअनुसार ज्यान मार्ने उद्योगमा अभियोग लागेका सिंहलाई शनिबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यलय मुगुका प्रहरी नायव उपरीक्षक भूवनेश्वरप्रसाद शाहले बताए ।

पक्राउ परेका सिंहलाई आइतबार जिल्ला अदालतमा बुझाउने जिल्ला प्रहरी कार्यालय मुगुले जनाएको छ । सिंह डोटी जिल्लामा गाविस सचिव हुँदा सामाजिक सुरक्षा रकम दुरुपयोग गरेको आरोपमा अख्तियारबाट कारबाहीमा परी सजायसमेत भोगेका थिए ।

चिन्तन

शिक्षाको अन्तिम विन्दु ज्ञान हो, ज्ञानको अन्तिम विन्दु चरित्र हो, तिमीले कस्तो शिक्षा लिएका छौं भन्ने कुरा तिम्रो चरित्रमा आएको सुधारले मापन गर्दछ ।

-आचार्य चाणक्य

## सम्पादकीय

# गम्भीर लापरवाही

मनसुन सक्रीय भएको एक महिना बित्दा नबित्दै यस वर्ष बाढी तथा पहिरोले विकराल रूप लिएको छ । कोरोनाले ६ महिनाको अवधिमा देशभित्र जति नेपालीको ज्यान लियो त्यो भन्दा चार गुणा बढी नेपालीको ज्यान बाढीपहिरोले यो एक महिनाको अवधिमा लिइसकेको छ । बाढीपहिरोको चपेटामा नपरेका कुनै जिल्ला बाँकी छैनन् । मनसुनको सक्रियता अझ बढ्दो छ । मौसमविद्हरूले यो साता अझै खतरनाक हुने प्रक्षेपण गरेका छन् । विगतको अनुभवलाई हेर्ने हो भने पनि बाढीपहिरोको प्रकोप सबैभन्दा बढी हुने समय १० साउनदेखि १० भदौभित्र हो । यो समय आउन अझै बाँकी छ । लक डाउनका कारण सार्वजनिक सवारी साधन चलेका छैनन् । यदि सार्वजनिक सवारी साधन चलेका हुन्थे भने त्यो भन्दा ठूलो क्षति हुने निश्चितजस्तै थियो । धेरै यात्रुहरू अलपत्र पर्ने थिए । मुलुकका कुनै पनि राजमार्ग बाँकी रहेनन् जो बाढी तथा पहिरोका कारण अवरुद्ध भएका नहोउन् ।

मनसुनको अवधिमा भीषण वर्षा हुनु हाम्रो देशका लागि अभिशाप नभएर वरदान नै हो । यदि मनसुन हुँदैनथ्यो भने हाम्रो मुलुक बसोवासका लागि योग्य हुँदैनथ्यो । पानीको आपूर्ति मनसुनले नै गर्दै आएको छ । त्यसैले मनसुनलाई हाम्रो देशका सन्दर्भमा आकाशे नहरभन्दा फरक पर्दैन । जहाँसम्म मनसुनले पुऱ्याएको क्षतिको कुरा छ त्यो निश्चय नै मानवीय कमजोरी हो । कुन ठाउँमा पहिरो जान्छ ? कुन ठाउँमा बाढी आउँछ ? बाढी र पहिरोले कस्तो ठाउँमा क्षति पुऱ्याउँछ ? कस्ताकस्ता ठाउँहरू डुबानमा पर्छन् ? भन्ने कुराको 'रुटिन' हजारौँ वर्षदेखिको छ । तर, पछिल्लो कालखण्डमा धेरै ठूलो लापरवाही भएको छ । यसै पनि माटो अडिन नसक्ने भिरालो जमिनमा विनाप्राविधिक परीक्षण डोजर लगाएर सडक खनिएको छ । खेल मैदानलगायत विविध भौतिक संरचना निर्माण गरिएको छ । भिरालो जमिनको जंगल मासिएको छ । भिरालो पहाडको फेद खोतलेर ढुंगा, गिट्टी, बालुवा उत्खनन् गरिएको छ । नदी तथा खोलाको सीमा मिचेर भौतिक संरचना खडा गरी पानीको बहाव अवरुद्ध गरिएको छ । नदी तथा खोलाको बालुवा ढुंगा बेपरवाह उत्खनन् गरिएको छ । यतिधेरै लापरवाही गरिएपछि बाढी, पहिरो तथा डुबानले क्षति पुऱ्याउनु स्वभाविकै हो ।

भूकम्प तथा विभिन्न रोगव्याधजस्तो एक्कासि आउने समस्या होइन बाढीपहरो भनेको । यसको आफ्नै रुटिन हुन्छ । फरक के हो भने कुनै वर्ष कम पानी पर्छ, कुनै वर्ष धेरै पानी पर्छ । तर, के कति वर्षा हुन्छ ? भन्ने कुरा एकसाता पहिले नै थाह पाउने प्रविधि विकास भइसकेको छ । केही वर्ष यता हाम्रो मुलुकको मौसम विज्ञान विभागले गरेको प्रक्षेपण मिल्ने गरेको छ । पूर्व सतर्कता अपनाउन मौसम विज्ञान विभागले एकसाता पहिले नै सूचना दिँदै आएको छ । यति हुँदाहुँदै पनि सतर्कता अपनाउन नसक्नु जनताको कमजोरी त हुँदै हो त्यसमा पनि ठूलो कमजोरी राज्यका अन्य निकायको हो । बाढीपहिरोको प्रकोप हरेक वर्ष हुने भएकोले सरकारले राहत तथा उद्धारका लागि प्रर्याप्त बजेट तथा जनशक्तिको व्यवस्था गरेको छ । तर, परेका वेला त्यो बजेट तथा जनशक्ति परिचालन हुन सकेको देखिँदैन । केही पहुँचवालाहरूले अवलोकनका नाममा हेलिकोप्टर चढेर स्वाहा गर्ने गरेको देखिएको छ । उदाहरणका लागि केही दिनअघि सिन्धुपाल्चोकमा गएको पहिरोको क्षति अवलोकन गर्न सात वटा हेलिकोप्टर आकाशमा घुमेर फर्किएको समाचार आएको थियो । यस्तो प्राकृतिक विपत्तिलाई पनि राज्यको नीति निर्माण तथा कार्यान्वयन तहमा बस्नेहरूले मनोरञ्जन तथा कमाइको माध्यम बनाउनु भनेको ज्यादै निन्दनीय पक्ष हो ।

# संसदबाट समाजबाद : खोक्रो नारामै सीमित हुने कुरासम्म !



लोकनारायण सुवेदी

**देशको अधिकांश महत्वपूर्ण श्रोत साधनहरूको स्वामित्व आज पनि मुट्ठीभर सानो बर्गको हातमा नै केन्द्रित अर्थात् करीब २० प्रतिशतको हातमा नै रहेको छ । तर ८० प्रतिशत जनताले केवल २० प्रतिशत श्रोत साधनबाटै मात्र गुजारा चलाउनु पर्ने र जीवन निर्वाह गर्नु पर्ने दयनीय र दारूण स्थिति बिद्यमान छ**

राजनीतिक क्रान्ति सम्पन्न भयो, अब आर्थिक क्रान्ति गर्ने हो र समाजवाद ल्याउने हो भनेर हो-हल्ला मच्चाउन थालेको पनि झण्डै एक दशक बित्न थालेको छ । निर्बाचन पछि त बिहान बेलुकाको मन्त्र पाठ नै यही भएको छ । तर संसदीय ब्यवस्थाबाट संसारमा कही पनि समाजवाद आएको अनुभव अहिलेसम्म बिश्वमा कही कतै छैन । अनि अर्ध औपनिवेशिक तथा नब औपनिवेशिक स्थितिबाट गुज्रिरहेको हाम्रो बर्तमान अर्ध सामन्ती सत्ताको चरित्रमा आमूल परिवर्तन नगरी संसदबाट समाजवाद ल्याउने हावादारी कुरामा बिश्वास गर्ने कुनै आधार छैन । सत्ताको बर्ग चरित्रलाई ढाकछोप गर्दै पुरानै सत्ता-प्रबृत्तिलाई काखी च्यापेर समाजवाद आउँदैन भन्ने कुरा लाटाले पनि बुझ्न सक्ने कुरा हो । तर सत्तामा खाइखेली गरिरहेका र गर्दै आएका काग्रेस र कम्युनिष्ट नाम गरेका दलहरुले अहिले खाशगरी २०६२/६३ को राजनीतिक परिबर्तन पछि जोडतोडले उठाइरहेको कुरा नै यही हो । अब परिचित थोत्रा कुरा गरेर सत्तामा टिकिरहन र जनतामा बिकिरहन सकिदैन भन्ने कुरा शायद यी दलहरुले महसुश गरेका छन् । त्यसैले श्रोत, साधन, सामाजिक-साँसकृति सबै क्षेत्रमा असामानता ब्याप्त भएको श्रेणीबद्ध समाजमा जनतालाई नयाँ नयाँ आशा देखाएर सत्तामा टिकिरहने उपायहको खोजी गरिन्छ । त्यसैले राजा महेन्द्रले पनि सामन्ती ब्यवस्थामा नै 'शोषणरहित समाजको स्थापना गर्ने' भनेर एकतन्त्री सामन्ती पञ्चायती ब्यवस्थालाई टिकाउने राम्रो नारा दिएका थिए । अहिले ब्यापक दलालीमा टिकेको पूँजीवादी ब्यबस्थालाई टिकाउन समाजबादमा जाने कुरा सत्तामा गएका दलहरुले गरिरहेका छन् । संबिधानमा लेखेकै भरमा समाजबाद आउने भए छ आजभन्दा सत्तरी बर्ष अघि नै भारतको संबिधान समाजबादी गणराज्यको कुरा लेखिएको थियो ।त्यसका अनुभवहरुलाई हेर्ने हो भने कुरा एकदमै छर्लंग हुन्छ ।

यस सन्दर्भमा नेपालको अर्थ-सामाजिक आधारमा राजनीतिको हिसाव किताव गर्ने हो भने पनि यो अत्यन्तै प्रगतिशील सुधारको बाटोमा कथंकदाचित एकदमै इमानदारीपूर्वक लाग्न सक्यो भने( अहिलेसम्मको चिन्तन, चरित्र र ब्यवहार हेर्दा त त्यो कुरासम्मै पनि 'बीरबलको खिचडी' नै देखापर्दछ) भने पनि त्यो न्यूनतमरुपमा लोक कल्याणकारी राज्यको दिशासम्म यसले लिन सक्ने झिनो आशा गर्न सकिएला । तर अवसरबादी र संदिग्ध चरित्रको अपबित्र गठबन्धन गर्ने प्रबृत्तिको बर्तमान राजनीतिक नेतृत्व र सत्ताले यो बाटो लिन सक्ने आशा पनि 'आकाशको फल आँखातरी मर' जस्तै हुनजाने अहिलेसम्मको अनुभवले प्रष्ट पारेको छ । हिजो जुन कारणले देश र जनता कमजोर भएका थिए, राष्ट्रले बिकासको सही दिशा र गति लिन र पक्रिन सकेको थिएन मूलतः तिनै कारण आज पनि जबर्जस्तरुपमा बिद्यमान छन् । ती अन्तरबिरोधहरु आधार भूतरुमा कुरै छाडौ, आंशिकरुमा पनि हल भएका छैनन् । केवल जन्मजात गद्दी नसीन हुने बंश परम्परागत राजा मात्र पहिले जस्तो गद्दीमा छैनन् तर अरु प्राय सबै कुरा उसैगरी राजतन्त्रमा जस्तै मुकुट नलाएका निर्वाचित मानिएका नबराजाहरुले चलाइरहेका र चलेका छन् ।

देशको अधिकांश महत्वपूर्ण श्रोत साधनहरुको स्वामित्व आज पनि मुट्ठीभर सानो बर्गको हातमा नै केन्द्रित अर्थात् करीब २० प्रतिशतको हातमा नै रहेको छ । तर ८० प्रतिशत जनताले केवल २० प्रतिशत श्रोत साधनबाटै मात्र गुजारा चलाउनु पर्ने र जीवन निर्वाह गर्नु पर्ने दयनीय र दारुण स्थिति बिद्यमान छ । गरीबीको मूल कारण नै वास्तवमा यही हो । उच्च प्राथमिकता दिइएको भनिएको कृषि क्षेत्रले उन्नति गर्न नसकेको मूल कारण पनि यही नै हो । देशको बिद्यमान यस स्थितिमा आमूल परिवर्तन नल्याइकन जतिसुकै पटक गरीबी निवारण दिवस मनाए पनि आम जनतालाई कुनै फरक पर्दैन र परेको छैन । मुलुकको श्रम भारको ठूलो हिस्सा अहिले पनि कृषि क्षेत्रमै केन्द्रित छ । गैर कृषि क्षेत्रको हिस्सा अझै पनि सानो र सीमित छ । यति मात्रै होइन कृषि क्षेत्र उपेक्षित र तिरष्कृत भएकोले यसको उत्पादकत्व र उत्पादन बढ्न सकेको छैन र कृषि प्रधान देश भएर पनि खर्बौं रुपैयाको अन्न लगायतका खाद्य र अन्य कृषिजन्य दैनिक उपभोगका बस्तुहरु बाहिरबाटै आपूर्ति गर्नु पर्ने स्थिति एकातिर छ भने अर्कोतिर रोजगारीको अभावमा हाम्रो ठूलो यूवा शक्ति रोजागारीका निमित्त दुबई, कतार, साउदी अरब, बहराइन लगायतका खाडीका बिभिन्न देशहरु, मलेसिया, कोरिया र बिश्वका अन्य देशहरुमा भौतारिन बाध्य छ । अनेक अपमान र पीडा सहँदै उनीहरुले दुःखले श्रम गरेर पठाएको बिप्रेषण(रेमिटचान्स) पनि बिभिन्न बस्तुको आयात गर्न देशबाट बाहिरिने अबस्था नै तिरन्तर रहिरहेको छ । यसरी सहर्ष स्वीकारिएको र करीब २८ प्रतिशत राष्ट्रिय आमदानी दिने कृषि पछिको सबैभन्दा ठूलो श्रोत मानिएको बैदेशिक रोजगारीले पनि 'रातभरी करायो दक्षिणा हरायो' कै स्थिति बेहोर्न परिरहेको स्थिति बिद्यमान छ । नेपाल भारतका लागि बिप्रेषण पठाउने या प्रदान गर्ने सातौं श्रोत भएको भारतको तथ्यांकले पनि धेरै कुरा स्पष्ट पार्दछ ।

भू-धरातलीय बिबिधताले गर्दा बिश्वमै ठूलो जैबिक बिबिधताले भरीपूर्ण, जलश्रोतको अत्याधिक धनी र नयाँ (यङ्गेष्ट माउण्टेनियस) पर्बतीय धरातलका कारणले समेत अनेक रत्नजन्य बहुमूल्य खनिज पदार्थहरुको पनि अत्याधिक ठूलो मात्रा र यूरेनियम जस्तो बहुमूल्य धातुको समेत खानी रहेकोले गर्दा हाम्रो देश द्रूत गतिमा, किफायती ढंगले, चाडोभन्दा चाँडो बिकास हुन सक्ने अनन्त सम्भावनाहरु बिद्यमान छन् । तर तिनको खोजी, सम्बर्द्धन, संरक्षण र परिचालन गर्ने राज्यको स्वरुप, चरत्र र नीति नै भएन र रहेन र यथास्थितिमा यो रहन पनि सक्तैन । त्यसैले अहिलेसम्मका बिकास प्रयासले ती सम्भावनालाई छुनसम्म पनि सकेन या छुन नै चाहेन या पाएन । त्यसले गर्दा प्राकृतिक मौसमी खेतीपातीमा निर्भर रहेको हाम्रो देश अनुकूल मौसम हुँदा बढी उत्पादन हुने र खुशी हुने तथा प्रतिकूल मौसम हुँदा हाहाकार मच्चिने जस्तो स्थितिमा टाक्सिन बाध्य बन्दै आयो । अनि हिजो थोरै जनसंख्या हुँदा खाद्यान्न निर्यात गर्ने देशले धेरै जनसंख्या बृद्धि भएर दोब्बर हुँदा निर्यातको साटो आयात गर्नुपर्ने स्थिति उत्पन्न भयो । किनकि जनसंख्या बृद्धिको अनुपातमा आवश्यक खाद्यान्न बालीनालीको उत्पादन हुन सकेन र सक्ने बनाउने तिर आवश्यक ध्यान राज्य र सरकारहरुले दिएनन् । वास्तवमा कृषि, उद्योग, बन्द ब्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन,बन, बातावरण र यातायात लगायतका प्रायः सबै क्षेत्रको सन्तुलित, सुदृढ र दीगो बिकासका निमित्त सबैभन्दा आधारभूत आवश्यकता ऊर्जा - बिद्यूतको हो । त्यसको निमित्त हाम्रो देशको जलश्रोत हाम्रो सबैभन्दा भरपर्दो, दीगो र बिश्वसनीय श्रोत हो र छ । तर यसको राष्ट्रिय हितमा उपयोग गरेर नेपालको कायापलट गर्ने दिशा लिनुभन्दा पनि नदी नालाहरु भारत सरकार त्यो देशका केही कम्पनीहरुलाई सुम्पिएर पैसा कमाउन सकिन्छ भन्ने आधारहीन, अबिश्वसनीय र थोत्रा गफ दिएको दशकौं दशक बित्यो । तर त्यो खेर गइरहेको जलश्रोत नेपालको हितमा प्रयुक्त गर्ने कुनै ठोस, प्रभावकारी र परिणामदायी परियोजना परिचालन गर्नेतिर कुनै गम्भीर ध्यान पटक्कै दिइएन । बरु ती नदी नालाबाट कमिशनको जोहो गर्ने निहीत उदेश्यले नदी नालाहरुको अपरादर्शी, अबिश्वनीय र अबाञ्छित सन्धि सम्झौताहरु गर्ने र किचलो निकाल्ने काम मात्रै गरिदै आयो । त्यसको परिणाम नेपालमा जल बिद्यूतको उत्पादन एकातिर १५०० मेगावाट पनि पुग्न सकेको छैन भने अर्कोतिर राज्यद्वारा निर्मित सिन्चाइ पनि खेतीयोग्य जमिनको केवल २० प्रतिशतभन्दा माथि हुन सकिरहेको छैन ।

अहिलेसम्मको ठूलो राजनीतिक परिवर्तनपछि सत्तामा आएका सबै रङ्गका सरकारहरुले पनि उही गलत पुरानै परम्परालाई जोडतोडले अघि बढाउने काम गरेपछि समस्या झन जटील भएर गएको छ र नेपाली जनता तथा राष्ट्रको हितमा यी समस्याहरुको समाधान हुने कुरा झन झन टाढा हुँदै गएको छ । नेपाल निरन्तर दिनहीन रहीरहनु र समृद्धिको मूलबाटोमा अघि बढ्न नसक्नुको मूल कारण नै यही यथास्थितिबादी चिन्तन र संदिग्ध राष्ट्रिय चरित्र नै हो । अनि यस्तो स्थितिमा आमूल रुपमा परिबर्तन ल्याउने, आम जनतालाई जगैदेखि उठाउन स्वशासनलाई ब्यापक अभिबृद्धि गरी जनतालाई बिकास निर्माणप्रति गाउँ गाउँदेखि सचेत, सक्रिय र संगठति किसिलमे सञ्चालन हुन सक्ने संघीय संरचना नबनाउने हो भने बिकास र सम्बृद्धि तथा समाजबादको हो-हल्ला पनि राजा महेन्द्रले सामन्ती अधिनायकबादी पञ्चायती ब्यबस्थाबाटै 'शोषणरहीत समाजको सिर्जना' अथार्त 'समाजवाद' ल्याउने गुलियो कुरा गरेभन्दा केही फरक हुनेछैन ।

यो पञ्चायती शैलीको प्रपञ्च चलाएर जनता र देशलाई फेरि पनि धोका दिने र जिल्याने काम मात्रै हुन्छ । यसले न राष्ट्रिय एकता, राष्ट्रियता न राष्ट्रिय सार्वभौमिकता र स्वाधीनता नै सबल तुल्याउन मद्दत गर्दछ । न जनता जनतान्त्रिक अधिकार र नागरिक स्वतन्त्रता जस्ता जनतान्त्रि मर्मबाट सुसज्जित नै हुन सक्तछ । यस्तो स्थितिमा समाजवादको खोक्रो राग अलाप्नुको कुनै अर्थ हुदैन । अनि 'अर्थ न बर्थ गोबिन्द गाई' भन्ने उखान मात्र फेरि पनि चरितार्थ हुनेछ, ज्ञात रहोस् !

# नेपालमा गरिबीको अवस्था कस्तो छ ?



रामेश्वर शर्मा भुर्तेल

सामान्य अर्थमा जीवनयापनका लागी चाहिने आधारभूत आवश्यकताहरुको अभाव भएको अवस्था गरिबी हो । गरिबीले ब्यक्ति, परिवार तथा समुदायको आर्थिक, सामाजिक तथा राजनैतिक अवसर तथा पहुँचहरुको वञ्चितिकरणको अवस्था, क्षमताविहिनता तथा असक्षमतालाई समेट्दछ । देशका २५ जिल्लामा गरिएको सर्वेक्षणले ३ लाख ५६ हजार ४ सय १५ घर परिवार गरिबीको रेखामुनि रहेको देखाएको छ । ग्रामीण क्षेत्रको गरिबीमा केही कमी आएपनि पछिल्ला बर्षहरुमा शहरी गरिबीको संख्या बढ्दै गएको छ । केही बर्ष अधिको तथ्यांकमा शहरी गरिबी ७ प्रतिशत रहेकोमा अहिले झण्डै १५ प्रतिशत पुगिसकेको पनि उल्लेख गरिएको छ । १४ मन्त्रालयमा ४९ वटा गरिबी निरवारणका कार्यक्रम छन, तर गरिबी हटाउने योजना बनाउन र कार्यान्वयन गर्न गठन भएको सहकारी तथा गरिवि निवारण मन्त्रालय भने रित्तो छ। गरीबी निवारणका लागी भएका कार्यक्रमजति कि प्रधानमन्त्री कार्यालयसँग छ कि योजना आयोग र अन्य मन्त्रालयमा। मन्त्रालय भागबन्डा नपुगेपछि एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकारले सहकारी र गरिबीबारे काम गर्न नयाँ मन्त्रालय गठन गरेको थियो । मन्त्रालय त गठन भयो तर कार्यक्रम नपाउँदा मन्त्रालय काम विहिन छ । गरीबी निवारण भन्ने बित्तिकै सबैको ध्यान परेको छैन । राजधानीका चोक, गल्ली, पाटी-पौवा, खोला किनारतिर भोक-रोगका यस्ता दारुण उदाहरण प्रशस्तै छन्। पछिल्लो १० वर्षमा नेपालको गरीबी ४५.७ प्रतिशतबाट २५.२ प्रतिशतमा झरेको तथ्यांक भए पनि अभाव, भोक र रोग घटेको छैन। यो समस्या गाउँमा भन्दा शहरमा बढेको छ । नेपाल जीवनस्तर सर्वेक्षण २०६०/६१ मा शहरमा ९.५५ प्रतिशत गरीब देखिएकोमा २०६६/६७ मा बढेर १५।४६ प्रतिशत पुग्यो। २०६०/६१ मा ३४.६२ प्रतिशत रहेको गाउँको गरीबी २०६/६७ मा २७.४३ प्रतिशतमा झरेको छ । २०६८ को जनगणनाले १७ प्रतिशत नेपाली शहरमा बस्ने देखाएको छ। सरकारले धमाधम नयाँ नगरपालिका घोषणा गरेपछि यो संख्या ३९ प्रतिशत पुगेको छ। शहरी जनसंख्याको ६० प्रतिशत मात्र आफ्नो घरमा बस्छन्। काठमाडौंमा घर हुने ४० प्रतिशत छन्। बाँकी डेरा, सुकुम्बासी बस्ती र सार्वजनिक स्थलमा बस्छन्। २०३६, २०४६, २०५२ र २०६२/६३ को राजनीतिक उथलपुथल तथा मधेश आन्दोलनको सेरोफेरोमा भएका बसाइँसराइले राजधानी सहित देशभरका शहरमा चाप बढायो । पहिले कृषिका लागि पहाडबाट तराईतिर बसाइँ सर्ने चलन रहेकोमा पछिल्लो दशकमा रोजगारी र सुरक्षा खोज्दै शहर पस्ने भीड बढ्यो । सरकारले यसको व्यवस्थापन गर्न सकेन । गाउँबाट अवसर खोज्दै शहर आउने मानिसको अनुपातमा रोजगारी सिर्जना नहुँदा समस्या चर्केको छ। बेरोजगारी र महँगीको चपेटामा परेकाहरूले कष्टकर जीवन विताइरहेका छन्। राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष प्रा।डा। पीताम्बर शर्मा अबको तीन वर्षमा आउने जीवनस्तर सर्भेमा शहरी गरीबी २० प्रतिशत पुग्ने बताउँछन्। हरेक शहरमा गरीबी र सुकुम्बासी समस्या बढे पनि सरकारका तर्फबाट केही काम नभएको शर्माको मूल्यांकन छ। समाजशास्त्री चैतन्य मिश्र तराईमा कृषि पेशा लाभदायक नहुँदा गरीबी झन् बढ्ने बताउँछन्। मिश्रका भनाइमा, कुनै पनि पार्टीले गरीबको आयस्रोत बढाउने चिन्तन गरेका छैनन् ।

राष्ट्रिय जनगणना २०६८ अनुसार ६६ लाख नेपाली गरीबीको रेखामुनि छन्। प्रतिदिन प्रतिव्यक्ति आवश्यक पर्ने २२०० क्यालोरीको लागि वार्षिक रु १९ हजार २६१ खर्च गर्न नसक्नेलाई गरीबीको रेखामुनि रहेको मानिन्छ । गाउँहरूमा मुख्यतः रेमिट्यान्सका कारण गरीबी घटेको देखिएको छ। नेपालमा आउने रेमिट्यान्सको ८० प्रतिशत उपभोगमै प्रतिशत नागरिकले ओगटेका छन् भने बाँकी ४४ प्रतिशत आम्दानी ८० प्रतिशतमा बाँडिएको छ। यसले धनी र गरीबबीच बढ्दो असमानता देखाउँछ । शहरको कमाइले महँगी धान्न गाह्रो भएको र सरकारले तोकेको ज्याला समेत श्रमिकले पाउने अवस्था नरहेको उनी बताउँछन् । 'शहरमा डेराभाडा, खानेकुरा र यातायातदेखि दिसापिसाब गर्नसम्म पैसा चाहिन्छ', आचार्य भन्छन् 'काम र ज्याला भने पाउनै मुश्किल भएर शहरका गरीबलाई बाँच्नै गाह्रो भएको छ।' गाउँघरमा कसैको चूलो नबल्ने अवस्था आए ऐंचो-पैंचो पनि चल्छ, तर शहरमा एउटै घरमा डेरा गरी बस्नेहरूबीच चिनजान समेत हुँदैन । नेपाल बसोबास बस्ती संरक्षण समाजका अनुसार, राजधानीमा करीब चार हजार परिवार सुकुम्बासी बस्तीमा बस्छन्। हजुरहरुले नि देख्नु भएको छ खोला किनारामा ओत लाग्ने ठाउँ पाए पनि काम र कमाइ नहुँदा सुकुम्बासीहरूको जीवन कष्टकर बनेको छ। शहरमा सुकुम्बासीले भन्दा चर्को पीडा भाडामा बस्ने गरीबले भोगिरहेको छन 'सुकुम्बासीहरूलाई खानको मात्रै समस्या हो, डेरामा बस्ने गरीबले त भाडाको पिरले भोक पनि बिर्सनुपर्छ' कायम रहनु तथा बहुआयमिक गरिबी २८।६ प्रतिशत रहनुले गरिबी न्यूनिकरण तथा निवारणका क्षेत्रमा सफलता हासिल गर्न नसकिएको तथ्य पुष्टी गर्दछ । गरिबी न्यूनिकरण हुन नसक्नुका प्रमुख कारण तथा समस्याहरुलाई देहाय अनुसार उल्लेख गर्न सकिन्छ ।

- केन्द्रीकृत तथा एकात्मक राज्य प्रणाली,
- नेपालको विशिष्टता सुहाउँदो स्पष्ट, सान्दर्भिक गरिबी निवारण नितिको अभाव,
- वास्तविक गरिब पहिचान हुन नसक्नु,
- गरिब लक्षित कार्यक्रम क्षमता विकास भन्दा वितरणमुखी हुनु,
- गरिबी निवरण सम्बन्धित कार्यक्रमहरुबीच समन्वयको अभाव,
- राज्यका आधारभूत सेवा सुविधाहरुमा सबैको सरल र सहज पहुँच हुन नसक्नु,
- विकासका पूर्वाधारहरुको पर्याप्त विकास हुन नसक्नु,
- निर्वाहमुखी कृषि प्रणाली

**गरिबी निवारणका उपायहरूः**

संघीय शासन प्रणालीको अभ्यास सँगै नेपालमा राजनीतिक र स्थानिय तहहरु एक आपसमा शान्ति, सुशासन, सामाजिक आर्थिक रुपान्तरणको दिशामा अघि बढ्न थालेका छन् । वि। सं। २०८७ सम्ममा सम्पूर्ण नागरिकलाई निरपेक्ष र बहुआयमिक गरिबीको अवस्थाबाट मुक्त गर्दै दिगो विकासका लक्ष्य हासिल गर्ने तथा मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नती गर्ने र वि।सं। २१०० सम्ममा सम्मुन्नत राष्ट्रको स्तरमा पुर्याउन २५ वर्षे अवधिको दीर्घकालिन सोच सहितको १५ औं योजना कार्यान्वयनमा आएको छ । यस सन्दर्भमा गरिबी निवारणका लक्ष्य हासिल गर्नका लागि देहायका कदमहरु चाल्नुपर्ने आवश्यक देखिएको छ ।

- गरिबीका कारकहरु पहिचान गर्दै समय सान्दर्भिक गरिबी निवारणको नीति तर्जुमा गर्ने,
- गरिबी निवारण मन्त्रालयलाई संस्थागत रुपमा नेतृत्वदायी भूमिका तथा जिम्मेवारी सहित जवाफदेही बनाउने,
- स्थानिय स्तरमा नै आय आर्जनका कार्यक्रम तथा उद्मशिलता विकासमा स्थानीय तहहरुले लगानि अभिवृद्धि गर्ने,
- भौतिक पूर्वाधारहरुमा लगानी वृद्धि गर्ने,
- अत्यावश्यक आधारभूत आवश्यकताहरुको सरल र सहज पहुँचको सुनिश्चितता प्रदान गर्ने,
- कृषि क्षेत्रको आधुनिकिकरण तथा व्यवसायिकरण गर्ने,
- सहकारी, नीजि क्षेत्र तथा गैरसरकारि संस्थाहरु सँगको सहकार्यमा ग्रामीण गरिबी निवारण हुन सहयोग पुग्ने किसिमका क्षमता विकास तथा सिप विकास जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने,
- वितरणमुखी गरिब लक्षित कार्यक्रमहरुलाई भन्दा उत्पादनमुखी, क्षमता विकासकार्यक्रममा जोड दिने ।

गरिबी अन्तरसम्बन्धित विषय भएको हुँदा यसको निवारणका लागि यस सँग सम्बन्धित सबै क्षेत्रको सहयोग तथा आपसि सहकार्य अत्यन्त महत्वपूर्ण रहन्छ । जबसम्म मुलुकमा आर्थिक(सामाजिक विकास भई नागरिकहरुले साधन( श्रोत तथा अवसरमा पहुँच हुने अवस्था सिर्जना हुँदैन तबसम्म गरिबी निवारणले गति लिन सक्दैन । नेपालको सन्दर्भका गरिबी न्यूनिकणका लागि ३ तहका सरकारहरुको एक आपसमा सहकार्य र समन्वय गर्दै सरकारी, सरकारी, निजी र गैरसरकारी क्षेत्र एवं विकास साझेदारहरुको एकिकृत र साझा प्रयासले मात्र गरिबी न्यूनिकरण हुन

विकास पराजुली

# रसियामा देखेको सपना नेपालमा सार्थक भयो



रुपन्देहीको तिलोत्तमामा गंगोलियामा ०६५ सालदेखि अष्टिच नेपाल प्रा.लि फर्म सञ्चालन गरी अष्ट्रिच पालन सुरु गरेका छन् सिपी शर्माले । प्रतिघण्टा ८० किलोमिटरसम्म दौडन सक्ने विश्वकै ठूलो अष्टिच उड्न सक्दैन । नेपालमा पहिलो पटक फर्म सञ्चालन गरेका सिपीले नेपालीहरुलाई अष्ट्रिजको मासुको स्वाद मात्र चखाएका छैनन् । रसियामा देखेको एउटा सपना नेपालमा आएर पुरा गरेका छन् । अष्ट्रिच पालन नेपालमा सम्भव छ भन्ने प्रमाणित गरी प्रेरणाको स्रोत पनि बनेका छन् ।

अष्ट्रेलियाबाट १५ सय अष्ट्रिचका अण्डा ल्याएर फर्म चलाउन सुरु गरेका शर्माले सञ्चालनमा ल्याएको अष्ट्रिच नेपाल प्रालीको फर्ममा अहिले ५ हजार बढी अष्ट्रिच छन् ।

०६५ सालमा मात्रै ३० करोड लगानी गरेर सुरु गरेको फर्ममा अहिले २ अर्ब भन्दा बढिको लगानी भइसकेको छ । करिव २२ विघा क्षेत्रफलमा विस्तारित फर्ममा ५ हजार भन्दा बढी अष्टिच छन् । ईमु २ सय वटा छन् । फार्ममा प्रत्यक्ष रोजगार ३ सयले पाएका छन् ।

बाग्लुङ जिल्लाको तत्कालिन सल्यान गाविस-३ मा जन्मिएका शर्माले अध्ययनको शिलशिलामा २०४३ सालमा रसिया पुगे । रसिया ७ बर्ष विताए । त्यहाँबाट एमबिए पास गरे । त्यसपछि २०५० सालमा बुटवल झरेर ट्याक्टरको व्यवसाय गरे । २०५२ देखि २०६५ सम्म ट्याक्टर व्यवसाय गरेका शर्माले अष्ट्रिच पालनको सपना देखे ।

रसियामा अध्ययन गर्दा एक पटक उनी युक्रेन पुगेका थिए । युक्रेन पुग्दा त्यहाँको एक एकीकृत फार्ममा पहिलो पटक अस्ट्रिच देखेर उनलाई अचम्म लाग्यो । युक्रेनमा देखेको अष्ट्रिज चराको मासुको स्वाद फ्रान्सको पेरिसस्थित एक रेस्टुरामा लिन पाए । त्यहि अष्ट्रिजको स्वाद चाखेका शर्माले नेपाल आएर नौलो पंछी पालनको सपना बुने । दुई /चार वर्ष बजार र रुपन्देहीमा अष्ट्रिच पाल्न सकिन्छ सकिदैन भन्ने अध्ययन गरे । त्यसपछि मात्रै शुरु भयो अष्ट्रिच नेपाल प्रा.लि फर्म ।



लकडाउनमा बजार पुगेन अष्टिचको मासु

चल्ला समेत उत्पादन गर्दै आएको फार्मले अन्यत्रबाटसमेत अष्टिच खरिद गर्ने गरेको छ । फार्मले सटिङ, प्याकेजिङ, स्टोरेजदेखि रिटेलसम्म गर्दै आएको छ । विग मार्ट, नमस्ते, स्थुती, भाटभटिनी, होटल तथा रेष्टुरेन्टमा अष्टिचको मासु विक्रि हुने गर्दथ्यो । तर अहिले सवै तिर विक्रि ठप्प छ । फर्ममा वार्षिक १५ सय टन मासु उत्पादन गर्नसक्ने क्षमता छ । तर कोरोना महामारीपछि भने मासु बजारमा पठाउन नसकेको सिपी शर्माले बताउँछन् । कोरोना महामारीपछि सुपर मार्केट, कोल्डस्टोर सबै बन्द हुंदा उपभोग शुन्य रहेको उनको भनाई छ ।

**लकडाउनमा धमाधम फर्ममै च्याउ उत्पादन र कोल्ड स्टोर निर्माण**

कम्पोष्ट मल बनाउने, च्याउ उत्पादन गर्ने योजना फर्मले बनाएको फर्ममा अहिले धमाधम काम भइरहेको छ । लकडाउन र कोरोना भाईरसले सवै तिर बन्द हुँदा शर्माले सामाजिक दुरी र सावधानी अपनाउँदै फर्ममा कोल्ड स्टोर बनाउने कामलाई तिब्र पारेका छन् । लकडाउनको कारण अरु क्षेत्रमा बन्द हुंदा पनि शर्मा भने विहानैदेखि फर्ममा व्यस्त बनेका छन् । अहिले पनि अष्ट्रिच फर्ममा करिब २ सय ८६ जना कामदार दैनिक काममा व्यस्त छन् ।

अहिले फर्मभित्रै १० हजार टन क्षमताको कोल्ड स्टोर स्थापना गरिएको छ । च्याउ उत्पादन र कोल्ड स्टोर संचालनका लागि शर्माले १ अर्ब ६० करोड लगानी थप गरेको बताए । उक्त परियोजना अन्तर्गत ३ हजार टन क्षमताको कोल्ड स्टोर सञ्चालनमा आइसकेको छ भने बांकि कामलाई बन्दाबन्दीकै समयमा निरन्तरता दिएको उनले बताए ।



दशहजार टन क्षमताको कोल्डस्टोर निर्माण गर्ने योजना रहेको फर्ममा ५ सय टन क्षमताको कोल्डस्टोर बनाई संचालन भईसकेको छ । जहां १५ वटा अलगअलग कोठामा माछामासु र हरियो तरकारी भण्डारण गरिएको छ । त्यस्तै १२ डिग्री तापक्रममा उत्पादन हुने डल्ले च्याउको उत्पादन पनि शीत भण्डारणभित्रै गरिएको छ । अहिले अष्ट्रिच फर्मबाटै दैनिक ३ हजार किलो च्याउ उत्पादन हुने गरेको गरेको छ ।

कतिमा पाईन्छ मासु ?

अष्ट्रिचको मासु तीन तहमा वर्गिकरण गरेर बिक्री हुँदै आएको छ । बजारमा अष्ट्रिचको टेन्डरलैन पार्ट प्रतिकेजी २५ सय रुपैयाँ, फल मासु १७ सय र हड्डी भएको मासु ११ सय रुपैयाँमा बिक्री हुँदै आएको छ ।

अहिले ईमु चरा जिउँदो प्रतिकिलो ६ सय रुपैयाँ, होलबडी ड्रेसिङ प्रतिकेजी ८ सय रुपैयाँ र बजारमा खुद्रा ९ सय ९० रुपैयाँमा बिक्री हुँदै आएको छ ।

उपभोक्ताले बजारमा ईमुको मासु प्रतिकिलो ८ सय ५० रुपैयाँमा खरिद गर्न सक्छन् । जिउँदो ईमु लैजानेलाई प्रतिकिलो ६ सय रुपैयाँमा उपलब्ध गराइरहेको शर्माले बताए ।

**मासुका फाईदै फाईदा**

अष्ट्रिच र ईमुको मासुमा बढी पोषकतत्व हुने हुँदा स्वास्थ्यवर्द्धक रहेको शर्माको दावी छ । उनकाअनुसार यसमा फ्याटको मात्र कम हुँदा जो कसैले खान मिल्छ । अष्ट्रिचको मासुमा मुटु रोगीलाई सबैभन्दा बढी राम्रो हुन्छ । रातो मासु खान नहुने रोगीलाई पनि अष्ट्रिचको मासु उपयुक्त मानिन्छ । अष्ट्रिचको मासुले दिमागलाई चुस्त बनाउने हुँदा बच्चाहरुका लागि उत्तम रहेको छ । अष्ट्रिजमा प्रोटिन २० देखि २२ प्रतिशतसम्म पाईन्छ । कार्बोहाईडेट शुन्य हुन्छ । भिटामिन 'वि'को सवै रेन्ज पाईन्छ । भिटामिन 'ई' पनि यसमा पाईन्छ । फ्याट जम्मा २ प्रतिशत छ भने जम्ने बोसो शुन्य प्रतिशत रहेको छ ।

कृष्णप्रसाद शर्मा

# महामारीबाट बाहिरिँदै गरेको बेलायतबाट के सिक्ने ?

गत डिसेम्बरको अन्तिम सातामा चीनबाट शुरु भएको कोरोना भाइरस (कोभिड-१९) को महाव्याधिबाट बेलायत बाहिरिन थालेको छ । यो महामारीबाट निकै प्राभावित भएका देशहरूमध्ये बेलायत पनि एक हो । अहिले भने यहाँ यो महामारीको असर निकै कम हुँदै गएको देखिएको छ । बेलायतमा हालसम्म करीब ४६ हजार मानिसको यसै महामारीका कारण मृत्यु भएको छ । हिजोआज भने दिनमा १०० भन्दा कमैको ज्यान जाने गरेको छ । यहाँ महिना दिनअघि सम्म कुनै दिन त एक हजार २०० सम्मको पनि मृत्यु भएको थियो । यहाँ यस महामारीबाट नेपाली पनि हाल सम्म ६७ जनाको मृत्यु भइसकेको छ ।

बेलायतमा सरकारले तोकेको बन्दाबन्दी बिस्तारै खुकुलो हुँदैछ भने जनजीवन सतर्कता साथ सामान्यतर्फ उन्मुख भइरहेको छ । बेलायतमा नेपालमा जस्तै वार्षिक रूपमा अर्थात् मनसुनको बेलामा आउने बाढीका लागिसमेत पूर्व तयार ीस्वरुप समितिसमेत गठन हुने गरेका छन् । ती समितिहरूको समन्वयात्मक कार्यका कारण जति ठूलो बाढी आए पनि बढीमा १० दिनभित्रै त्यसको व्यवस्थापन गर्ने गरेको पाइएको छ । कोरोना जस्ता महामारी भने यहाँका लागि पनि आकस्मिक नै थियो । यसका लागि पूर्वतयारीको अवस्थामा रहने कुरा भएन । त्यसैले तयारी गर्दागर्दै पनि यहाँ यो महामारीबाट ठूलो सङ्ख्याका नागरिकको ज्यान गयो । तर अझै धेरैको मृत्यु हुन्छ भनिएकामा त्यसलाई रोक्न यहाँको सरकारले निकै ठूलो प्रयत्न गरेको थियो । अहिले गरिएका विश्लेषणहरूमा सरकारले समयमै प्रभावकारी काम गर्न सकेकाले महामारी फैलिन नपाएको र धेरैको ज्यान बचेको बताउने गरिएको छ । यसरी सरकार अरू हजारौँ मृत्यु रोक्न सफल भएको यहाँका वैज्ञानिकहरूको भनाइ छ । नेपालमा जस्तै बेलायतमा पनि सरकारलाई सल्लाह दिने निकाय छन् र ती सल्लाह र सुझावहरूलाई यहाँको सरकारले ठीक तरिकाले प्रयोग गर्ने गरेको छ । कोरोना देखिएपछि सरकारका स्वास्थ्य सल्लाहकारहरूले बन्दाबन्दी जाने बताएका थिए । शुरुमा यसलाई वास्ता नगरेपछि मृत्यको सङ्ख्या पनि एक्कासि बढ्यो र प्रधानमन्त्रीले पुनः बैठक बोलाएर  वैज्ञानिकहरूको सो चेतावनीका बारेमा छलफल पनि गर्नुभयो । त्यसपछि सरकारले २३ मार्चमा बन्दाबन्दीको घोषणा गर्‍यो । बन्दाबन्दी घोषणा गरेलगत्तै जनताका नाममा सरकारले अपिल गरेर यो सङ्कटमा सहयोग गर्न आग्रह पनि गर्‍यो ।  जनतालाई सुरक्षित राख्न यहाँको सरकारले स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड निकाल्यो । त्यस्तै स्वास्थ क्षेत्रमा काम गरेका पूर्वकर्मचारीहरूलाई सहयोगका लागि आह्वान पनि गर्‍यो । यसरी गरिएको आह्वानमा १० दिनको बीचमा स्वास्थ सेवामा काम गरेर अवकाश पाएका पाँच लाख कर्मचारीले स्वयंसेवकका रूपमा काम गर्न तयार भए । जनताबाट पाएको यो साथले सरकारलाई आत्मबल थपियो । नागरिकबाट साथ पाएपछि सरकारले कसरी काम गर्न सक्छ भन्ने उदाहरण यहाँ राम्रोसँग देख्न सकियो ।




कोरोना आएसँगै सरकारले सेना परिचालन गर्‍यो । बेलायती सेनामा गोर्खा सैनिकको पनि ठूलो योगदान छ । यो कोरोनाको समयमा पनि गोर्खा बटालियनको अग्रसरतमा १० दिनमा चार हजार जनासम्म बिरामी राख्न सकिने गरी लन्डनमा नाइटिङ्गल अस्पताल निर्माण भयो । जसमा ५०० वटा आइसियू कक्षसमेत बनाइएको थियो । हाल कोरोनाका बिरामी घटेसँगै यो अस्पताल क्यान्सर अस्पतालका रूपमा रुपान्तर भइसकेको छ । तर नेपालमा भने कोरोना महामारी भित्रिएपछि के कति अस्पताल बने वा भएका अस्पतालहरूको पनि के कस्तो व्यवस्थापन गर्न सकियो भन्ने कुरा हामीले मनन गर्नुपर्दछ ।

मार्च २३ देखि बन्दाबन्दीको घोषणा गर्दा बेलायत सरकारसँग मुस्किलले दैनिक तीन क्षमता थियो । तर आजको दिनमा ८० हजार एन्टिबडी टेष्टसहित पिसिआर टेष्टको क्षमता दुई लाख ५२ हजार ८४ पुर्‍याइएको छ । यो अर्को महत्वपूर्ण कारण बन्यो कोरोनाको नियन्त्रणका लागि । बेलायतका इङ्ल्यान्ड, स्कटल्यान्ड, नर्दन आयरल्यान्ड, वयल्स सबै ठाउँमा आजको दिनमा आवश्यकता हेरेर घरघरमा किट पठाउने व्यवस्था गरिएको छ भने स्वास्थकर्मीहरूलाई समेत पछिल्लो समयमा विशेष प्राथमिकताका साथ कोरोना परीक्षण गराइएको छ । कोरोना सङक्रमणलाई फाइदाका रूपमा लिन खोज्ने कतिपय मेडिकल क्षेत्रका संस्थालाई कार्वाहीको दायरासमेत ल्याइएको छ । लन्डनको हार्ली स्ट्रिट भनेको निजी अस्पताल र क्लिनिकहरू भएको ठाउँ हो । कोरोनापछि यहाँको एक क्लिनिकले प्रतिव्यक्ति पिसिआर परीक्षण गरेको ५०० पाउन्डसम्म लिएपछि अनुसन्धान थालियो । उक्त क्लिनिकले बजार भाउभन्दा तीन गुना बढी लिएको देखिएपछि उक्त क्लिनिक बन्द गरी क्लिनिकका मालिकको लाइसेन्स खारेज गरेको

यसले गर्दा यहाँ जनताले बाहिर गएर होइन सरकारले नै टेष्ट किट दिन्छ भनेर कुरे र पाइरहेका पनि छन् । कोरोना देखिएपछि सरकारले स्वास्थ सामग्री खरिद गर्न पनि जतिसक्दो छोटो बाटो अपनाएको थियो । चीनबाट करीब छ लाख पाउन्ड बराबरको किटसमेत गरी अरू मेडिकल सामग्री ल्याउने निर्णय भयो । तर पछि भने उक्त किट गुणस्तरहीन भएको र सुरक्षा मापदण्ड पूरा नगरेको देखिएपछि सम्पूर्ण सामग्री फिर्ता गरेर रकम पनि फिर्ता माग्यो । पछि भने बेलायतको फ्रान्सिस क्रिक इन्स्टिच्युटमा आबद्ध वैज्ञानिक डा चाल्स स्वोटनको समूहले पिसिआर टेष्ट किट बनाउन थाल्यो । जसका कारण अहिले यहाँ किटको अभाव छैन । तर नेपालमा भने लामो समयसम्म पनि स्वास्थ्य सामग्री खरिदका विषयमा लामो समयदेखि ने अलमल देखिएको थियो । हामीले किट बनाउने कुरा त कल्पना बाहिरको कुरा रह्यो तर खरिद गर्नसमेत समयमा सकेनौँ ।

बन्दाबन्दीको घोषणा भएकै दिनदेखि अधिकांशले सरकारले भनेबमोजिम मात्र आवतजावत गरे । नागरिकले सरकारको आदेशको पूर्णतया पालना गरे । अत्यावश्यकबाहेक बाहिर नहिँड्न भनेपछि बेलायतीहरू निकै सावधानीका साथ बाहिर निस्के ।  बिनाकारण निस्कनेहरूलाई प्रहरीले ठूलो रकम जरिवाना तिरायो । स्कुल कलेज अझै पूर्णरूपमा खुलेका छैनन् तर जहाँ थोरै मात्रामा खुलेका छन् त्यहाँ अभिभावकहरूको मत बुझेर सर्भेका आधारमा खुला गरिएको हो । अधिकांश अभिभावकहरू बालबालिका पठाउन अनिच्छुक देखिएका कारण विद्यालय खोल्न पनि हतार गरिएन ।

जनस्तरबाट ठूलो सहयोग भएका कारण पनि कोरोना सोचेभन्दा छिटो काबुमा आएको यहाँका सरकारी अधिकारी र वैज्ञानिकहरूको भनाई छ । हिसाबले अलि कठिन हुन पुगेको यस क्षेत्रका अधिकार बताउँछन् । तर जनता आफैँ सरकारका लागि सहयोग जुटाउन लागि परे । जस्तो कि यहाँका एकजना ९२ वर्षिय बेलायती सेनाका पूर्व अधिकारी टम मुरले यहाँको स्वास्थ संस्थाका लागि बन्दाबन्दीका बेला आफ्नै घरको बगौंचामा दैनिक हिँडेर २९ मिलियन पाउण्ड रकम उठाए । जुन रकम १० दिनमा बनेको नाइटिङ्गल अस्पतालका लागि खर्च गरियो । टमकै प्रभावबाट सयौँले थोरै धेरै पैसा उठाएर स्थानीय र केन्द्रीय अस्पताललाई सहयोग गरेका थिए ।

यस्तै यहाँका निजी अस्पतालहरूले पनि सरकारलाई सहयोग गरे । निजी अस्पतालहरूले आफ्ना ८०० वटा वेड सरकारलाई प्रयोग गर्न दिए । उनीहरूले बेड मात्रै नभएर सो अस्पतालमा भएका सबै उपकरण समेत दिए । यतिमात्र होइन बेलायतका अस्पतालमा यहाँका रेष्टुरेण्ट व्यवसायी तथा अन्य ठूला उद्योगले निःशुल्क खाना र कपडा समेत दिएका छन् । हरेकहप्ता जसो प्रत्येक विहीबार साँझ ८ बजे स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीको हौसला बढाउन घरबाट बाहिर निस्केर एक मिनेट ताली बजाउने काम पनि लण्डनमा सबैतिर भएको थियो । बन्दाबन्दी भएलगत्तै सरकारले उद्योगपतिहरूलाई बोलाएर अस्पतालका लागि अत्यावश्यक औजार, भ्यान्टिलेटर र पिपिई उत्पादक गरिदिन अनुरोध गर्‍यो । उनीहरूले सरकारको सो आग्रहलाई माने र उत्पादन बढाए । त्यसै अनुरुप उत्पादन थपिँदै गएको छ । हाल बजारमा आएका कमसल खालका कुनै पनि पिपिई प्रयोग नगर्न साथै अनलाइनमा पाइने सस्ता मास्कहरू पनि प्रयोग नगर्न अनुरोध गरिएको छ भने अस्पतालमा पुग्ने सबैलाई शुरुमा निःशुल्क मास्क दिएर मात्र अस्पताल प्रवेश गर्न दिइएको छ ।

त्यसैले पनि हामी नेपालीहरूले विश्वका अरु देशले कोरोना भाइरसलाई के कसरी जिते भन्ने बारेमा उनीहरूका अनुभवहरू लिन सकिन्छ । महामारीका सङ्क्रमित र मृत्यको सङ्ख्या प्रतिदिन बढ्दै गएको नेपालमा बेलायतले गरेका यी माथिका

# सन्ध्याको भर्चुअल कविगोष्ठी




■ सौर्य समाचार

काठमाडौं । साहित्य सन्ध्याको बन्दाबन्दीका कारणले खुलारूपमा गर्न नसकिएको नियमित मासिक ४०७औँ शृंखला शनिबार सम्पन्न भएको छ । भर्चुअल माध्यमबाट गरिएको कविगोष्ठीमा तीन दर्जन बढी स्रष्टाले रचना वाचन गरेका थिए ।

कवि एवं साहित्य सन्ध्याका सल्लाहकार विधान आचार्यको प्रविधि संयोजनमा सन्ध्याकी सदस्य देबु लुइँटेल र जयन्ती स्पन्दनले सञ्चालन गरेको उक्त गोष्ठीमा नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव प्रा.जगत्प्रसाद उपाध्याय 'प्रेक्षित' प्रमुख अतिथिका रूपमा रहेका थिए । प्रगतिशील लेखक संघका अध्यक्ष प्रा.डा.जीवेन्द्रदेव गिरी, नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य प्रा.डा.हेमनाथ पौडेल, पूर्वमन्त्री शान्ता मानवी, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागका प्रमुख प्रा.डा.कृष्णप्रसाद घिमिरे, प्रगतिशील लेखक संघका निवर्तमान अध्यक्ष मातृका पोखरेल, प्रगतिशील लेखक संघका पूर्वअध्यक्ष, कवि तथा समालोचक डा.अमर गिरी, प्रा.डा.खेम दाहाल, प्रा.डा.भीम खतिवडा, डा.राजेन्द्रप्रसाद अधिकारी, साहित्य सन्ध्याका सल्लाहकारद्वय वासुदेव अधिकारी र विधान आचार्य, प्राज्ञ नन्दु उप्रेती, सीताराम नेपाल, राममणि ढुंगेल र डम्बर पहाडी अतिथिका रूपमा उपस्थित थिए । कार्यक्रममा इलाम, नेपालगञ्ज, सुर्खेत, दाङ लगायतसम्मका स्रष्टाको उपस्थिति रहेको थियो । जसमा बालकृष्ण लामिछाने इलाम, प्रा.डा.भीम खतिवडा धरान, गायत्री चापागाईं विराटनगर, अमर गिरी दाङ, हरि तिमिल्सिना नेपालगञ्ज, प्रकाश सिलवाल, गोमादेवी कटुवाल, ललिता दोषी, डा.बालचन्द्र मिश्र, रिता खत्री, डम्बर पहाडी, जयन्ती स्पन्दन, विधान आचार्य, डा.भागवत आचार्य, गोपालकुमार मैनाली, रमेश शुभेच्छुक, गीता सापकोटा, सरस्वती चिमौरिया काभ्रे, गणेश घिमिरे 'मार्मिक', प्रमोद स्नेही, प्रा.डा.कृष्णप्रसाद घिमिरे, जयन्ता पोखरेल, अच्युत घिमिरे, डा.राजेन्द्रप्रसाद अधिकारी, गायत्री लम्साल, राममणि ढुंगेल, सीताराम नेपाल, नन्दु उप्रेती, मातृका पोखरेल, प्रा.डा.हेमनाथ पौडेल, वासुदेव अधिकारी, राम विनय र प्रा.जगत्प्रसाद उपाध्यायले समसामयिक कविता, गीत, लघुकथा, निबन्ध वाचन गरेका थिए ।

सो कार्यक्रममा वाचन गरेका रचनामाथि टिप्पणी गर्दै प्रा.जगत्प्रसाद उपाध्यायले सामाजिक तथा सांस्कृतिक रूपान्तरण अभियानको आफैँमा एउटा सशक्त संवाहक बनेको बताए । उनले सन्ध्याका कार्यक्रममा स्रष्टाले समसामयिक विषयमा आफ्ना सिर्जना वाचन गर्ने र अन्ततः रूपान्तरणको आग्रह गर्ने परम्परा रहेको धारणा व्यक्त गरे । सो भर्चुअल कार्यक्रममा पैँतिस जना स्रष्टाले वाचन गरेका रचनामा पद्य, लोकलय र गद्य रहेका थिए । त्यस्तै, लघुकथा र निबन्ध पनि वाचन गरिएको आयोजकले जनाएको छ । स्रष्टाले नेपालका समसामयिक सन्दर्भ, विश्व सन्दर्भ, कोरोना महामारी र यसले पारेको प्रभाव, दक्षिणको छिमेकीले सीमाना अतिक्रमण गरेको विषयसँगै हेलाँहोचो गर्ने हेप्ने प्रवृत्ति देखाएको सन्दर्भलाई प्रस्तुत गरेका थिए । त्यसैगरी मुलुकको शासनसत्तामा रहेको सत्तारुढ दलको आन्तरिक किचलोको विषयसमेत गजल, कविता र मुक्तकका रुपमा प्रस्तुत गरिएको थियो ।

प्रा. उपाध्यायले स्रष्टाले हामीले बाँचेको युगको चित्रण गरेका रचना सुनाएको बताउँदै भने, 'हामीले देखेभोगेका समस्याको सटिक वाचित रचनामा चित्रण गरिएको छ । राष्ट्रिय चेतनाको भावना सम्प्रेषण, भाषा, संस्कृति र माटोको मायाका पक्षमा अनि एकताका पक्षमा दृढतापूर्वक वकालत गरिएको छ । प्रायः सबै सिर्जना विचार, कला, भाषा, भाव र लयचेतनाका दृष्टिले पनि सुन्दर र परिष्कृत रहेका छन् ।' उनले कविताले संघर्षको मार्गका पक्षमा र निराशाका विपक्षमा वकालत गरेको बताउँदै भानुभक्तको नेपाली साहित्यमा रहेको योगदानका पक्षमा वकालत गर्नेदेखि सीमा अतिक्रमणले सम्पूर्ण देश दुखेको पक्षलाई जोडदार ढंगले उजागर गरेको जिकिर गरे । प्रा. उपाध्यायले नक्सामा देशको अतिक्रमित भूगोल समेटिएको पक्षको सराहनासमेत वाचित सिर्जनामा अभिव्यक्त भएको धारणा राखे । उनले भने, 'राष्ट्रप्रेमका माध्यमबाट नेपालीका बिचको एकताको आह्वान गर्दै समसामयिक सबै सबै पक्षमा स्रष्टाले यसैगरी खबरदारी गर्नुपर्ने आजको आवश्यकतालाई सिर्जनाले सगर्व उठाएका छन् ।'

साहित्य सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षतामा भएको उक्त कार्यक्रममा देशको समसामयिक परिवेशका बारेमा समेत चर्चा गरिएको थियो । उनले स्रष्टाले आफ्ना सिर्जनाका माध्यमबाट छिमेकीको साम्राज्यवादी प्रवृत्तिका विरुद्धमा, राष्ट्रवादका पक्षमा सशक्त आवाज उठाउनु पर्ने दायित्व भएको बताए ।

# 'साइफाइ' मा दीपिका र प्रभासको जोडी



■ एजेन्सी

मुम्बई । बलिउड अभिनेत्री दीपिका पादुकोण तलेगु सुपरस्टार प्रभाससँग देखिने भएकी छन् । चर्चित तलेगु चलचित्र 'महानति' का निर्देशक नाग अश्विनको बनाउन लागेको चलचित्र 'साइफाइ' मा यी दुई कलाकारसँगै देखिने भएका हुन् । यस चलचित्रमार्फत दीपिका र प्रभास पहिलोपल्टसँगै देखिने भएका हुन् ।

गत फेब्रवरीमा आधिकारिक घोषणा गरिएको यस चलचित्रमा आइतबारमात्रै निर्माताहरूले अभिनेत्री दीपिका यसमा मुख्य भूमिकामा रहेको सार्वजनिक गरेका हुन् । दीपिकाको तलेगु डेब्युको रूपमा यो चलचित्र अर्को वर्ष निर्माण हुने भारतीय सञ्चार माध्यमले जनाएका छन् ।

अभिनेत्री दीपिकाले पनि यसबारे ट्वीटमा लेखेकी छन्, 'उत्साहको सीमा कटेको छ ! यो यात्रा अविश्वसनीय हुनेछ भन्ने विश्वासमा अगाडि बढ्न आतुर छौं ।' यस चलचित्रका बारे अन्य विवरण भने आधिकारिक रूपमा सार्वजनिक गरिएको छैन ।

चलचित्रमा अभिनेत्री दीपिकाको भूमिकाका बारेमा निर्देशक नाग अश्विनले भनेका छन्, 'दीपिकाले यो पात्रको भूमिका खेलेको हेर्न म अत्यन्त उत्साहित छु । कुनै पनि मूलधारका कलाकारले यस्तो भूमिका निर्वाह अहिलेसम्म गरेका छैनन् र यो सबैका लागि आश्चर्यचकित हुनेछ । फिल्ममा दीपिका र प्रभाषको जोडी र कथा मुख्य आकर्षण हुनेछ । जुन मलाई लाग्छ, दर्शकको मनमा आगामी कयौं वर्षसम्म रहिरहने छ ।'

अभिनेता प्रभास अहिले अर्को चलचित्र 'राधेश्याम' को रिलिज पर्खिरहेका छन् । उनको यो चलचित्र दुई वर्षअघि नै आउनुपर्ने भए पनि 'साहो' का कारण स्थगित भएको थियो । दीपिका पनि चलचित्र '८३' मा अभिनेता रणवीर सिंहसँगै देखिँदैछन् । १९८३ को क्रिकेट विश्वकपमा भारतीय जितमा आधारित रहेर निर्माण गरिएको यस चलचित्रमा अभिनेता रणवीर क्रिकेटर कपिल देवको भूमिकामा छन् । दीपिका उनकी श्रीमती रोमी देवको भूमिकामा देखिएकी छन् । योसँगै दीपिकाको अर्को चलचित्र पनि आउँदैछ जसमा सिद्धान्त चतुर्वेदी र अनन्या पाण्डे पनि छन् ।

सुन्दरहरैँचा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
प्रदेश नं. १, नेपाल

**सुन्दरहरैँचा नगरपालिकाको आन्तरीक आय अन्तर्गत सडक उपयोग शुल्क संकलन सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७७।०४।०५

यस नगरपालिकाको आ.व. २०७७/०७८ का लागि आन्तरीक आय ठेक्का मार्फत बन्दोबस्त गर्नु पर्ने भएकोले नगर क्षेत्र भित्र नगरपालिकाले निर्माण गरेका सम्पूर्ण सडकहरुमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ को उपदफा २ (घ) बमोजिम सडक उपयोग शुल्क लगाई ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक फर्म, कम्पनी र व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र नगर कार्यपालिका कार्यालयको राजश्व उपशाखा बाट रु ३०००।०० (अक्षरेपी रु तीन हजार मात्र) को बोलपत्र फारम खरीद गरी सोको भोलिपल्ट दिनको १२ बजे भित्र तल उल्लेखित रकममा नघट्ने गरी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरीएको छ ।

| सि.नं. | ठेक्का नम्बर | ठेक्को नाम | क्षेत्र | ठेक्का रकम भ्याट समेत |
|---|---|---|---|---|
| १. | राजश्व १/१०१ | सडक उपयोग शुल्क | सुन्दरहरैँचा नगरपालिकाले निर्माणा गरेका नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण सडकहरु | ३८८७२००।० |

शर्तहरू
१. माथि उल्लेखित ठेक्ककामा शुल्क असुल गर्दा यस नगरपालिकाले तोकेको भन्दा बढी दरमा असुल गर्न पाईने छैन ।
२. शुल्क असुलिको दर कार्यालयबाट बोलपत्र फारम साथ उपलब्ध गराईनेछ ।
३. ठेक्का अवधि २०७७ भाद्र १० देखी २०७८ आषाढ मसान्त सम्म हुनेछ ।
४. बोलपत्रदाताले खामको बाहिर पट्टी ठेक्काको नाम, ठेकदारको नाम वा फर्म वा कम्पनीको नाम लेखि शिलबन्दि गरी यस नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समय भित्र बुझाउनु पर्नेछ ।
५. शिलबन्दि फारम पेश गर्दा व्यक्ति भए नागरीकता प्रतिलिपी र फर्म वा कम्पनी भए ईजाजत पत्रको प्रतिलिपी, आन्तरीक राजश्व कार्यालयबाट प्राप्त पान नम्बरको प्रतिलीपी, आ.व. २०७५।०७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी, सुन्दरहरैँचा नगरपालिका क्षेत्रको फर्म भए यस नगरपालिकाबाट जारी गरीएको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरीक भए कबोल अंकको ५ प्रतिशत धरौटी यस नगरपालिकाका कार्यालयको कृषि विकास बैक शाखा कार्यालय विराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरी सोको सक्कले भौचर शिलबन्दि बोलपत्रमा सम्लग्न गर्नु पर्नेछ ।
६. शिलबन्दि बोलपत्र, बोलपत्र दाखिला गर्ने दिन दिनको ठिक २ बजे पश्चात खोलिनेछ । तर बोलपत्र खरीद र दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन तोकिए बमोजिम प्रक्रिया अगाडी बढाईनेछ ।
७. कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ । बोलपत्र फारममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
८. ठेक्का रकम अग्रिम एकमुष्ट बुझाउनु पर्नेछ । अग्रिम रकम नबुझाएमा बैक ग्यारेन्टी अनिवार्य हुनुपर्नेछ । अग्रिम रकम बुझाएमा १० (दश) प्रतिशत छुट दिईने छ ।
९. ठेक्का सम्झौता गर्ने व्यक्ति, फर्म वा कम्पनीको धरौटी रकम ठेक्का रकममा मिलान गरीने छैन साथै फर्म तथा कम्पनीको हकमा ठेक्का अवधि समाप्त भए पछि धरौटी रकम फिर्ता गर्दा आन्तरीक राजश्व कार्यालयमा कर तिरेको रसिदको प्रतिलिपी सम्लग्न राखि निवेदन दिनु पर्नेछ । कार्यालयले उपलब्ध गराएको दररेट भन्दा फरक हुने गरी शुल्क असुलि गरेको प्रमाणीत भएमा धरौटी रकम कट्टा गरी सम्वन्धितलाई उपलब्ध गराईनेछ भने पटक पटक सोही प्रक्रिया दोहोर्याएमा कानून बमोजिम कारबाही गरी निज व्यक्ति, फर्म वा कम्पनीलाई कालोसूचीमा राखिनेछ ।
१०. ठेक्कासँग सम्बन्धित रसिद ठेकेदार स्वयंले छपाई कार्यालय/राजश्व उपशाखाबाट प्रमाणीत गरी कर संलन गर्नु पर्नेछ ।
११. बन्द हड्ताल, भुकम्प, बाढी पहिरो जस्ता प्रकृतिक र मानवीय विपद सिर्जना भई सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, कम्पनी र फर्मले छुट मागेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईने छैन ।
१२. एउटा व्यक्ति, कम्पनी वा फर्मले खरीद गरेको बोलपत्र अर्को व्यक्तिले खरीद गर्न पाउने छैन ।
१३. नगरपालिका क्षेत्र भित्र एक स्थानबाट शुल्क काटे पछि सोही दिन सोही सामाग्रि र यात्रुलाई आधार मानी पुन सोही सवारी साधनलाई अर्को स्थानबाट शुल्क काट्न पाईने छैन । यो शर्तले नयाँ यात्रु र नयाँ सामाग्रिमा पुन शुल्क लिन बाधा हुने छैन । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार एवम् नेपाल सरकारका व्यापारीक नियोग, कुटनैतिक निकाय लगायतका सार्वजनिक सवारी साधान, तथा बिद्यालयका गाडीहरु, दुध तथा पानी बोकेका सवारी साधन एवम अत्याबश्यक सेवाका सवारी साधनहरु (एम्बुलेन्स, सव बहान, दमकल लगायत) लाई शुल्क लिन पाईने छैन ।
१४. भाडामा सवारी साधन खाली गुडेको अबस्थामा शुल्क लिन पाईने छैन ।
१५. शुल्क असुलिको दररेट सबैले देख्ने गरी सार्वजनिक स्थानमा राख्नु पर्ने छ ।
१६. बोलपत्र फारम तथा सम्झौतामा उल्लेखित शर्तहरु यो सूचनामा उल्लेख भए बमोजिम नै लागू हुनेछ ।
१७. बार्षिक सवारी कर तिरी नगरपालिकामा दर्ता भएका सिटी रिक्सा र अटो रिक्साको सडक उपयोग शुल्क लिन पाईने छैन ।
१८. यो सूचननामा उल्लेखित विषयहरुको हकमा यसै सूचना बमोजिम र बाकी अन्य कुराहरुको हकमा प्रचलित ऐन, कानून र सुन्दरहरैँचा नगरपालिकाले गरेको निर्णय तथा सम्झौतमा भएका शर्त बमोजिम अन्तिम हुनेछ ।

# सूर्य र सम्झनाले ल्याए 'घन्क्यो मादलु'




■ बाबुराम सिग्देल

काठमाडौं । लोक गायक सूर्य खड्का र गायिका सम्झना लामिछाने मगरले तिजको छेको पारेर 'घन्क्यो मादलु' गीतको भिडियो ल्याएका छन् । गीतमा शिव अखेलीको शब्द तथा गायक खड्काकै संगीत रहेको छ । उक्त गीतमा गायक खड्का र गायिका लामिछानेलाई अर्का गायक निर्मल क्षेत्रीले आवाजमा साथ दिएका छन् ।

त्यस्तै, विश्वास नेपालले गीतमा संगीत संयोजन गरेका छन् । शंकर बिसीले निर्देशन गरेको गीतको भिडियामा दुर्गा पौडेलको छायांकन रहेको छ । भिडियोमा गायिका लामिछाने र निक्स शर्माको अभिनय छ । स्थायी घर बागलुङ भएका गायक खड्का अहिले रोजगारीको सिलसिलामा जापानमा छन् ।

उनले यसअघि पनि जापानबाटै नेपाली लोक संगीतलाई माया गरेर विभिन्न मौलिक गीत पस्कँदै आएका छन् । यता, अर्घाखाँची स्थायी घर भइ काठमाडौंलाई कर्मथलो बनाउँदै आएकी गायिका सम्झना लामिछानेले पनि यसअघि दर्जनौं गीत ल्याइसकेकी छन् । गायिका लामिछानेले नजिकै आइरहेको महिलाको विशेष पर्व तिजको अवसर पारेर 'घन्क्यो मादलु' बोलको गीत ल्याएको बताइन् । उनले गीतको शब्द र भिडियो दुवैले नेपाली मौलिक लोक संगीतको मर्मलाई समातेको जिकिर गरिन् । उक्त गीतको भिडियो गायक खड्काको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ ।

# आश्मा र सरोजको भिडियो सार्वजनिक

■ सौर्य समाचार

काठमाडौं । गायिका बिनी श्रेष्ठ र गायक डेभिड शंकरको युगल आवाज रहेको 'पिरतीको गुन्द्री' गीतको भिडियो सार्वजनिक भएको छ । विष्णु विरही श्रेष्ठको शब्द रहेको गीतमा दीपकराज विश्वकर्माले संगीत भरेका छन् । गीतमा भिडियोमा कार्टुन



क्रुजका सरोज अधिकारी र आश्मा विश्वकर्माको रोमान्सलाई प्रस्तुत गरिएको छ । युवराज वाइवाले निर्देशन गरेको गीतको भिडियोमा सरोज र आश्मालाई रोमान्टिक शैलीमा प्रस्तुत गरिएको छ ।

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक सुचना प्रकाशित मिति : २०७७/०४/०५

यस डाँफे सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७५/०७६ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको वृक्षारोपण सिसौ जातको ४ फिट भन्दा कम गोलाई भएको जम्मा गोलिया थान १८७ को ३३३.२९ घ.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक संघसंस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण ब्यहोराको सूचना यस समूहको सुचना पाटीमा टाँस गरिएको छ ।

श्री डाँफे सामुदायिक वन उपभोक्ता समूह
राजापुर न.पा.-४, बर्दिया

# 'आधा माया' मा दीलिप र ऐश्वर्या



■ सौर्य समाचार

काठमाडौं । अभिनेता दीलिप रायमाझी अभिनीत नयाँ गीत 'आधा माया' सार्वजनिक भएको छ । एकताका नेपाली चलचित्र उद्योगमा निकै चलेका रायमाझी पछिल्लो समय फाट्टफुट्ट म्युजिक भिडियोमा देखिन थालेका छन् ।

प्रल्लाद सुवेदीको शब्द रहेको यस गीतमा बसन्त थापाले संगीत भरेका छन् । यो लोकदोहोरी गीतमा गायक विक्रम परियार र गायिका सुनिता बुढा क्षत्रीको स्वर रहेको छ । गीतको भिडियोमा अभिनेता दिलिपसँगै मोडल ऐश्वर्या सुनुवारको अभिनय छ । यी दुई गीतमा रोमान्स गरेका छन् । सुनिल क्षत्रीले निर्देशन गरेको भिडियोमा नवराज उप्रेतीको छायांकन तथा अमृत चापागाईको सम्पादन रहेको छ ।



डिभिजन वन कार्यालय तनहुँको हाताभित्र रहेको नर्सरी । कार्यालयले जिल्लाका विभिन्न ठाउँमा समेत गरी आठ लाख ८८ हजार विरूवा उत्पादन गरेकोमा साढे तीन लाख बिरूवा नि:शुल्क वितरण गरेको छ



गलकोट (बागलुङ) राष्ट्रिय गौरवको आयोजना मध्येको एक मध्यपहाडी पुष्पलाल लोकमार्गको बागलुङ- घोडाबाँधे सडक अर्न्तगत काठेखोला गाउँपालिका-१ स्थित हिलाम्मे दुरावस्थामा पुगेको लोकमार्गमा गुडिरहेको टिपर



# उचित मुल्य पाउनेमा आशावादी चिया किसान



■ किरण पौड्याल

इलाम । लामो समयदेखि आन्दोलनरत चिया किसानले पछिल्लो छलफलबाट आफ्ना माग सुनुवाइ हुँदै गएकाले सहमति नजिक पुगेको बताएका छन् । उद्योगले विभिन्न बहाना बनाएर हरियो चियाको दाम कम्ती दिएको भन्दै आन्दोलनमा होमिएका किसान अब भने चियाको उचित दाम पाउनेमा आशावादी देखिएका छन् । सूर्योदय नगरपालिकामा रहेका चिया उद्योगले बन्दाबन्दीको बहाना बनाउँदै नगरले तोकेको मूल्यभन्दा कम मूल्यमा चिया लिने बताएपछि किसान आन्दोलनमा होमिएका थिए ।

दुई वर्षअघि नगरपालिकाले हरियो चियापत्ती प्रतिकिलो मूल्य रु ४० भन्दा कममा उद्योगले किन्न नपाउने भन्दै कार्यविधि नै बनाएको थियो तर अहिले उद्योगीले बन्दाबन्दीमा चिया बेच्न नसकिएका कारण व्यवसाय घाटामा गएकाले तोकिएको मूल्य दिन नसक्ने बताएका थिए । त्यसपछि आन्दोलनमा रहेका किसानले पछिल्लो समय उद्योगले माग सम्बोधन गर्न सकारात्मक रहेकाले सहमतितर्फ वार्ता पुगेको बताएका छन् । नगरपालिकाले समेत तोकिएको मूल्यमा किसानको चिया किन्न उद्योगीलाई आदेश दिएपछि उद्योगी माग पूरा गर्न सकारात्मक देखिएको सूर्योदय नगरपालिका-११ का चिया किसान सोनामछिरिङ काजीले बताए । नगरपालिकाले हरियो चियापत्तीको न्यूनतम मूल्य रु ४० कानूनमै लेखिएकाले उद्योगले पूरा नगरे कारवाही गर्ने बताएपछि उद्योगी सकारात्मक देखिएको सोनामले बताए । 'नगरपालिका, चिया किसान र उद्योगीबीच वार्ता बस्दा नगरप्रमुख रणबहादुर राईले कानूनको कुरा गरेपछि उद्योगी सकरात्मक हुँदै आएका हुन्', उनले भने, 'धेरै उद्योगी अहिले पनि सकारात्मक हुनुहुन्छ ।

केही उद्योगीले मात्र कुरा बुझ्नुभएको छैन ।' नगरका अधिकांश किसानले गुणस्तरहीन चिया कारखानामा ल्याउने भएकाले तोकिएको मूल्य दिन नसकेको उद्योगीले बताएका थिए तर किसानले भने सबै चियालाई कारखानाले एकै दाम दिने भएकाले चियामा गुणस्तर कायम गर्न नसकेको बताएका थिए । 'कारखानाले सबै चियाको दाम एकै किसिमको दिन्छ', सोनामले भने, 'डोकोमा लगेको, बोरामा खाँदेको वा एक पात दुई सुइरो वा आठ इञ्च लामो सबै चियाको दाम एउटै मापदण्डमा राखेपछि गुणस्तर कम भएको हो ।'

उद्योगीले गुणस्तरीय चिया मात्र किनेमा आफूहरू गुणस्तरीय चिया बनाउन पनि तयार रहेको सोनामले बताउनुभयो । उद्योगले चियाको गुणस्तरअनुसार प्रतिकिलो रु ४० देखि रु १०५ सम्म दाम दिन सकिने बताएपछि तोकिएअनुसारको चियाको दाम नदिने गरेको किसानले बताएका छन् । तोकिएकै दाम दिने उद्योगले कबोल गरेर चिया लिए पनि भुक्तानीको समयमा तोकिए जति दाम नपाउने गरेको अर्का चिया किसान डम्बर कटुवालले बताए । 'हामी सबै किसान पढेलेखेका पनि छैनौं । पहिले राम्रै दाम दिने भनेर चिया किने पनि पछि कम दाम दिन्छन्', डम्बरले भने, 'आफूले उत्पादन गरेको वस्तुको मूल्यमा समेत हामी ठगिँदै आएका छौँ ।' यता उद्योगहरूले भने गुणस्तरीय चिया आए तोकिए (रु ४० प्रतिकिलो) भन्दा बढी पनि मूल्य दिएर किन्ने बताएका छन् ।

किसानको चियामा गुणस्तर नहुने भएकाले नै कम मूल्य दिनुपरेको उद्योगीले बताएका छन् । 'विषम परिस्थिति छ, चिया बजारमा जानसमेत सकेको छैन तर पनि चियाको गुणस्तरअनुसारको मूल्य दिन्छौं', सूर्योदय चिया प्रोडक्सनका सचिव गोपाल कट्टेलले भने, 'हामी गुणस्तरीय चिया आएमा रु ४० होइन रु ९५ मा समेत किन्न सक्छौं ।' कट्टेलले बन्दाबन्दीका कारण चिया बेच्न नसकिएकाले चियाको अग्रिम भुक्तानी दिन नसकिएको बताउनुभयो । नगरपालिकाले पनि तोकिएको भन्दा कम मूल्यमा किसानको चिया उद्योगले किन्न नसक्ने बताएको छ । चियाको मूल्य निर्धारण गर्दा उद्योगी, किसान, चिया बोर्ड सबैको छलफल भएकाले उद्योगले कानूनअनुसार चल्नुपर्ने नगरपालिकाका आर्थिक विकास समितिका संयोजक देवेन्द्र शर्माले बताए ।

# 'मौद्रिक नीति साना उद्योगीको हितमा'

■ सौर्य समाचार

काठमाडौं । नेपाल घरेलु तथा साना उद्योग महासंघले शुक्रबार नेपाल राष्ट्र बैंकले ल्याएको मौद्रिक नीतिको स्वागत गरेको छ । ऋणीले २०७६ चैत, २०७७ बैशाख र जेठ मसान्तमा भुक्तान गर्नुपर्ने कर्जाको साँवा तथा ब्याज रकम २०७७ असार मसान्तसम्म भुक्तान गर्न सकिने व्यवस्था गरिएपछि ठूलो संख्यामा साना उद्योगीहरु लाभान्वित हुने भन्दै महासंघले मौद्रिक नीतिको स्वाथत गरेको हो । महासंघका कार्यवाहक अध्यक्ष उमेशप्रसाद सिंहले बैंक तथा वित्तीय संस्थालाई १ प्रतिशत ब्याजदरमा निर्यातजन्य उद्योग र रुग्ण उद्योग लगायतका तोकिएका क्षेत्रमा विशेष पुनरकर्जा, २ प्रतिशत ब्याजदरमा लघु, घरेलु तथा साना उद्यम पुनरकर्जा र ३ प्रतिशत ब्याजदरमा तोकिएका क्षेत्रमा साधारण पुनरकर्जा प्रदान गरिएको र यस्ता पुनरकर्जामा ऋणीले क्रमश: ३ प्रतिशत, ५ प्रतिशत र ५ प्रतिशत मात्र ब्याज तिनर्पुर्ने व्यवस्था सकारात्मक भएको बताए ।

महासंघले कोभिड-१९ को संक्रमणबाट प्रभावित कृषि, ऊर्जा, पर्यटन तथा घरेलु, साना तथा मझौला उद्यममा कर्जा लगानी प्रोत्साहन गर्ने तथा सहुलियत कर्जाको पुनरसंरचना गरिने सकारात्मक पक्ष भएको भन्दै स्वागत गरेको छ । कृषि विकास बैंकले कृषकहरुलाई कृषि तालिम केन्द्रहरुबाट कृषिसँग सम्बन्धित तालिमहरु सञ्चालन गर्ने, कोभिड-१९ प्रकोपको कारण अर्थतन्त्रमा परेको असरलाई मध्यनजर राख्दै उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशिलता विकासका लागि विद्यमान सहुलियतपूर्ण कर्जा कार्यक्रम सरल रुपमा कार्यान्वयन हुने व्यवस्था मिलाइएको र बैंक तथा वित्तीय संस्थाबाट तोकिएका क्षेत्रमा यस्तो कर्जा ऋणीलाई ५ प्रतिशत ब्याजदरमा उपलब्ध हुने कुरा सकारात्मक भएको उनले बताए ।

मौद्रिक नीतिमार्फत सहुलियतपूर्ण कर्जा प्रवाहमा प्रदेशगत सन्तुलन कायम गर्नुका साथै लक्षित क्षेत्र र वर्गमा कर्जामा पहुँच सुनिश्चित गर्ने उद्देश्यले वाणिज्य बैंकले कम्तीमा ५०० वा न्यूनतम प्रतिशाखा १० र राष्ट्रिय स्तरका विकास बैकले कम्तीमा ३०० वा न्यूनतम प्रति शाखा ५ मध्ये जुन बढी हुन्छ सोही संख्यामा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ । विकास बैंकले आफ्नो कुल कर्जा लगानीको न्यूनतम २० प्रतिशत र वित्त कम्पनीहरुले न्यूनतम १५ प्रतिशत कर्जा कृषि, लघु, घरेलु तथा साना उद्यम, उर्जा र पर्यटन लगायत तोकिएका क्षेत्रमा २०८१ असार मसान्तसम्ममा प्रवाह गर्नुपर्ने व्यवस्थालाई महासंघले स्वागत गरेको छ ।

आव २०७७/७८ को बजेटमा व्यवस्था गरिए बमोजिम ५० अर्बको कोष मार्फत पर्यटन, लघु, घरेलु तथा साना उद्यमका लागि ५ प्रतिशत व्याजदरमा कर्जा दिने, बैंकहरुका सवै शाखाहरुले सहुलियत कर्जा अनिवार्य रुपमा लगानी गर्नुपर्ने तथा वाणिज्य बैंकहरुले २०८१ असार मसान्तसम्म लघु, साना एवम् मझौला उद्यमका क्षेत्रमा १ करोड भन्दा कम रकमका कर्जाहरु आफ्नो कुल कर्जा लगानीको न्यूनतम १५ प्रतिशत हुने गरी प्रवाह गर्नु पर्ने व्यवस्था मिलाइएकोप्रति पनि महासंघले खसि व्यक्त गरेको छ ।

कोभिड-१९ बाट प्रभावित पेशा, उद्यम र व्यवसायको कर्जामा पहुँच अभिवृद्धि गर्दै आर्थिक क्रियाकलाप विस्तारका लागि सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन र देशका दुर्गमस्थानसम्म कर्जा सुविधा सहज गर्ने उद्देश्यले पुनरकर्जा सम्बन्धी विद्यमान व्यवस्थामा परिमार्जन गर्दै पुनरकर्जाका लागि उपलब्ध कोषको ५ गुणासम्म पुनरकर्जा उपलब्ध गराउने व्यवस्था सकारात्मक पक्ष भएको महासंघको भनाई छ ।

# कर समायोजन नहुँदा अलैँची व्यवसायी मारमा

■ सौर्य समाचार

बनियानी । बजार मूल्यभन्दा डेढ गुणा बढी निकासी कर तिर्नु परेपछि अलैँची व्यवसायी मारमा परेका छन् । नेपाली बजारमा अहिले अलैँची प्रतिमन रु २० हजारमा कारोवार भइरहेको छ । तर भारतले अलैँचीमा प्रतिकेजी रु ८०० (भारु ५००) निकासी कर लिएपछि व्यवसायी मारमा परेका छन् । नेपाल अलैँची व्यवसायी महासंघका अध्यक्ष राजकुमार कार्कीले अलैँचीमा भारतले भारु ५०० प्रतिकिलो भन्सारदर कायम राखेका कारण व्यवसायी समस्यामा परेको बताए । 'नेपाली बजारमा रु ५०० प्रतिकेजीमा किनबेच भइरहेको अलैँचीको निकासी कर रु ८०० तिर्न सकिँदैन', उनले भने, 'सरकारले बजार भाउअनुसार भन्सार शुल्क समायोजन गर्न पहल गर्नुपर्छ ।' नेपाली अलैँची बङ्गलादेश निर्यात गर्दा बङ्गलादेशले ३५ प्रतिशत निकासी कर लिने गरेको अध्यक्ष कार्कीले बताउनुभयो तर भुटानबाट बङ्गलादेश निर्यात हुने अलैँचीमा भन्सार शुल्क लाग्दैन । बङ्गलादेशमा अलैँची निकासीका लागि भन्सार छुट र सहज निर्यातको वातावरण बनाइदिन व्यवसायीले माग गरेका छन् ।

नेपाली कृषि उत्पादन निर्यातको वातावरण सहज बनाइदिन उद्योग वाणिज्य मन्त्रालय 'डेलिगेसन' लिएरसमेत गएको उनले बताए । व्यवसायीले नेपाली कृषिजन्य वस्तु निकासीमा देखिएका समस्याका बारेमा मन्त्रालयका सचिव वैकुण्ठ अर्याललाई अवगत गराएका छन् । भारतले नेपाली अलैँचीमा लगाउँदै आएको भन्सार करको समायोजन र नेपाली अलैँची बङ्लादेश निर्यात गर्नका लागि पहल गरिदिनलगायतका विषयमा सचिव अर्यालसँग छलफल गरिएको अध्यक्ष कार्कीले बताए ।

## कर्पोरेट

### नेपाली ब्रान्ड सोनमद्वारा पिपिई सहयोग




काठमाडौं । नेपालको रिटेल तथा म्यानुफ्याक्चरिङ ब्रान्ड सोनमगियर्सले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालस्थित मनमोहन कार्डिओथोरासिस भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरलाई सय थान व्यक्तिगत सुरक्षा कवच (पिपिई) सहयोग गरेको छ । कम्पनीका संस्थापक तथा सिइओ टासी चोम्बे नेपालीले मनमोहन कार्डिओथोरासिस भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरका निर्देशक प्राडा उत्तमकृष्ण श्रेष्ठलाई उक्त पिपिई हस्तान्तरण गरे । कम्पनीले आफ्नै कारखानामा उत्पादित पिपिई अस्पताललाई दिएको हो । 'नेपाली ब्रान्ड भएको नाताले यो कठिन घडीमा समुदायकालागि केही योगदान गर्नु हाम्रो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको कर्तव्य हो,' सिइओ टासीले भने । यसबाट कोभिड १९ को महामारीबीच आफ्नो कर्तव्य निर्वाह गर्न उक्त संस्थाका स्वास्थ्यकर्मीलाई थोरै भएपनि योगदान पुग्ने कम्पनीको विश्वास छ ।

### शाओमीले ल्यायो स्मार्ट राउटर

काठमाडौं । शाओमी, ग्लोबल टेक्नोलोजी लिडरले नेपालमा मी राउटर ४सी सार्वजनिक गरेको छ । मी राउटर ४सी का साथ, शाओमीले देशको अन्य श्रेणीमा प्रवेश गरेको छ । यो नेपालमा पहिलो स्मार्ट राउटर हो जुन उपयोग, गति र दायराको सजिलोका लागि अनुकूल छ र स्मार्टफोनमा भएको स्मार्ट मी वाई–फाई एपबाट पहुँच गर्न सकिन्छ । प्रत्येक घरको सेटिङमा मिल्ने आधुनिक डिजाइनको विशेषता भएको मी राउटर ४सी तपाईंको लागि उचित होम नेटवर्क कनेक्सन हो । यो विशाल घरको सबैतिर मजबुत र स्थिर सिग्नल प्रवाह गर्न ४उच्च–लाभ बाह्य एन्टेनाले सुसज्जित छ । यसको साथै, ८०२ दशमलव ११एन वाई–फाई टेक्नोलोजीद्वारा सक्षम



मी राउटर ४सी अधिकतम ३००एमबीपीएस को नेटवर्क गतिसम्म पुग्न सक्दछ । यसमा भएको डुअल कोर सीपीयू र ६४एमबी ठुलो र्‍यामले ३२ वटा डिभाइससम्म छिटो र स्थिर कनेक्सन सुनिश्चित गर्दछ । मी वाई–फाई एपमार्फत, प्रयोगकर्ताले सजिलै यो उपकरण सेटअप गर्न सक्दछन् र प्यारेन्टल कन्ट्रोल र गेस्ट नेटवर्क सेटिंग जस्ता स्मार्ट फंग्क्शन एरेमा पहुँच गर्न सक्दछन् ।

शाओमी नेपालका कन्ट्री जनरल म्यानेजर सौरभ कोठारीले भने, 'हामी नेपालमा गैर–स्मार्टफोन उत्पादनहरु भित्र्याउन र यसै प्रकृयामा सबैलाई नवीनतम प्रविधि ल्याउँन प्रतिबद्ध छौं । देशमा द्रुत वृद्धि भइरहेको इन्टरनेट जनसंख्याका साथ हामीले वर्तमान राउटर बजारमा केहि कमी देख्यौं । आकर्षक विशेषता र गेम परिवर्तन गर्ने मुल्यका साथ मी राउटर ४सी ले नेपालको राउटर बजारमा परिवर्तन ल्याउने छ ।' मी राउटर ४सी रु २३९९ मुल्यमा आजदेखि सबै मी प्रिफर्ड् पार्टनरहरु, मी अफलाइन स्टोर, रिटेल पार्टनर र अनलाइन पार्टनर सस्तोडिलमा खरिदका लागि उपलब्ध हुनेछ ।

### दृष्टिविहीनका लागि स्वाभिमान बचत खाता

काठमाडौं । कामना सेवा विकास बैंकले दृष्टिविहीन व्यक्तिहरुका लागिविशेष प्रकृतिको खाता 'स्वाभिमान बचत खाता' संचालनमा ल्याएको छ । ग्राहकले खाता खोल्दा भर्ने निवेदन फाराम तथा ग्राहक पहिचान सम्बन्धी विवरणमा के के विषयहरु उल्लेख भएको छ, भन्ने बारेमा ग्राहक आफैले पढ्न सक्ने गरी ब्रेल लिपिको व्यवस्था समेत गरिएको छ । यो दृष्टिविहीनहरुलाई लक्षित गरी सञ्चालनमा ल्याईएको डिपोजिट प्रोडक्ट नेपालको बैकिङ क्षेत्रकै पहिलो हो । सो खाता शुन्य मौज्दातमा खोली उच्चतम् प्रतिफल प्राप्त गर्नुका साथै बैंकबाट प्रदान गरिने अन्य विशेष सुविधाहरु समेत लिन सकिनेछ । हाललाई ज्ञानेश्वर स्थित मुख्य शाखा कार्यालयबाट अडियोको सहायता लिएर एटिएम सुविधा लिन सक्ने व्यवस्था समेत गरिएको छ ।

बैंकका सञ्चालक विश्वेश्वर सुवेदीले उक्त खाताको शुभारम्भ गरे, भने प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले खाताको जानकारी तथा बैंकको अवधारणा बारे प्रकाश पारे ।खाता शुभारम्भ कार्यक्रममा नेपाल नेत्रहिन संघका प्रोग्राम अफिसर शोभा न्यौपानेले दृष्टिविहीनहरुले भोग्नु परेका समस्या र चुनौतीहरुका बारेमा प्रकाश पारिन । यसैगरी नेपाल नेत्रहिन संघका अध्यक्ष नरबहादुर लिम्बुले आफुहरु दृष्टिविहीन भएको कारण राज्यका निकायहरुबाट पाउने विभिन्न सुविधाहरु उपभोग गर्नबाट बञ्चित भएको गुनासो गर्दै कामना सेवा विकास बैंकले इज्जतका साथ हामीलाई आम नागरिक सरह बैंकिङ सुविधा लिन पाउने अवसर प्रदान गरेकोमा धन्यवाद दिँदै अन्य बैंक ता वित्तीय संस्थहरुले समेत यो महत्वपूर्ण कार्यको अनुसरण गर्नु पर्ने बताए ।

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४

# सौर्य खेलकुद



*इटालियन सिरी 'ए' मा एसी मिलानले सानदार जित निकाल्दै शीर्ष ६ भित्र पर्ने सम्भावनालाई जीवितै राखेको छ*

*प्रिमियर लिगअन्तर्गत शनिवार राति भएको एक मात्र खेलमा बर्नलीले नर्विच सिटीलाई २-० ले पराजित गरेको छ । जितपछि बर्नली नवौं स्थानमा उक्लेको छ*



## विशेष ब्याडमिन्टन क्याम्प हुने




**■ सौर्य समाचार**

काठमाडौं । माइसको व्यवस्थापन र काठमाडौं जिल्ला ब्याडमिन्टन संघको प्राविधिक सहयोगमा साउन तेस्रो सातादेखि ब्याडमिन्टन क्याम्प सञ्चालन हुने भएको छ । देवीनगर ब्याडमिन्टन क्लब बानेश्वरको कोर्टमा क्याम्प १५ देखि २९ साउनसम्म सञ्चाल हुने काठमाडौं जिल्ला ब्याडमिन्टन संघका अध्यक्ष तथा ब्याडमिन्टनका अन्तर्राष्ट्रिय अम्पायर दीपक थापाले जानकारी गराए ।

'पछिल्लो समय बच्चाहरुको अनलाइन क्लासहरु छैन । घरमै बसिरहेका कारण धेरै कुराहरु सोच्न सक्दछ,' अम्पायर थापाले भने, 'उनीहरुलाई शारीरिक र मानसिक रुपमा फिट राख्नकै लागि क्याम्पको आयोजना गरिएको हो । क्याम्पमा राम्रा देखिनेहरुलाई विभिन्न ठाउँमा प्रशिक्षणको अवसर मिलाउने लक्ष्य छ ।' यस्तै थापाले क्याम्पमा खेलाउने मात्रै नभईकन ब्याडमिन्टनको बारेमा सैद्धान्तिक विषयमा पनि क्लास दिइने बताए । 'क्याम्पमा हामी खेलाउने मात्र होइन । ब्याडमिन्टन के हो ? विश्वमा कस्तो हुन्छ । करियर के छ । इभेन्टहरु कसरी हुन्छ भन्ने बारेमा पनि सिकाउने छौं,' अम्पायर थापाले भने ।

'ब्याडमिन्टन इन्ड्रस्टीको बारेमा पनि जानकारी दिने छौं । सबै खेलाडी नै हुन्छन् भन्ने छैन । कसैको चासो अन्यतिर पनि हुन सक्छ । अन्य व्यवस्थापकीय काम गर्न इच्छा हुनेहरु पनि हुन्छन् । ल अफ ब्याडमिन्टनका कुरा पनि सिकाउने छौं ।'

क्याम्पमा ३२ जनालाई दिनको चार सिफ्टमा एक सिफ्टमा ८ जना रहने गरी दैनिक एक घन्टा प्रशिक्षण दिइनेछ । उमेर समूह नतोकिएका कारण इच्छा भएका जुनै उमेर समूहकाहरु क्याम्पमा प्रशिक्षणमा आउन सक्नेछन् ।

क्याम्पमा अम्पायर थापाले ब्याडमिन्टनको ल अफ थ्योरीबारे तथा बालकृष्ण थापा र पुरुषोत्तम ढकालले खेलको प्रशिक्षण दिनेछन् । डब्लुएचओको नियमको परिधिमा रहेर क्याम्प हुनेछ । क्याम्पको व्यवस्थापन माइस म्यानेजमेन्टले गरेको छ । अम्पायर थापाले क्याम्पका लागि ३ हजार रुपैया शुल्क राखिएको र शुल्क तिन नसक्ने, जेहेन्दार र प्रतिभावान खेलाडीलाई निशुल्क प्रशिक्षण दिइने बताए ।

## ईगल्सलाई स्वर्ण



**■ एजेन्सी**

द. अफ्रिका । दक्षिण अफ्रिकामा पहिलो पटक भएको सोलिडारिटी कप क्रिकेट (थ्री टिम क्रिकेट) मा एबी डी भिलियर्स कप्तान रहेको ईगल्सले स्वर्ण पदक जितेको छ । एकै खेलमा तीन टोलीबीच भएको प्रतिस्पर्धामा सर्वाधिक रन बनाउँदै ईगल्सले स्वर्ण जितेको हो ।

ईगल्सले दुई इनिङमा गरि कुल १२ ओभरमा ४ विकेट गुमाउँदै १ सय ६० रन बनाउँदै स्वर्ण जित्यो । ईगल्सलाई स्वर्ण जिताउन एबी डी भिलियर्स र एडेन मार्करामले विष्फोटक ब्याटिङ गरे । डी भिलियर्सले २४ बलमा ६१ रन बनाए । उनले ६ चौका र ३ छक्का प्रहार गरे । डी भिलियर्सले २१ बलमा अर्ध शतक पूरा गरेका थिए । एडेन मारक्रमले ३३ बलमा ४ चौका र ५ छक्का सहित ७० रनको उत्कृष्ट इनिङ खेल्दै विशाल योगफलमा पुर्याए । सन् २०१८ मा सन्न्यास लिएका डी भिलियर्स दक्षिण अफ्रिका टोलीमा पुनरागमनको लागि संघर्षरत छन् । यस प्रर्दशनले डी भिलियर्सलाई केहि सहज हुनेछ ।

ईगल्सले किंगफिशरविरुद्ध पहिलो इनिङमा १ विकेट गुमाउँदै ६ ओभरमा ६६ रन बनाएको थियो । पहिलो इनिङमा एडेन मार्करामले २३ बलमा ४७ रन र एबी डिभिलियर्सले ७ बलमा ११ रन जोडेका थिए । दोस्रो इनिङमा ईगल्सले काइट्सविरुद्ध ६ ओभरमा थप तीन विकेट गुमाउँदै ९४ रन जोडेको थियो । काइट्सले कुल १२ ओभरमा ३ विकेट गुमाउँदै १ सय ३८ रन बनाउँदै रजत जित्यो ।

काइट्सले ईगल्सविरुद्ध पहिलो इनिङमा ६ ओभरमा १ विकेटको क्षतिमा ५८ रन बनाएको थियो । दोस्रो इनिङमा किंगफिशरविरुद्ध ६ ओभरमा २ विकेट गुमाउँदै ८० रन बनाएको थियो । काइट्सका जेजे स्मट्सले २६ बलमा ४८ रन बनाए । ड्वेन प्रिटोरियसले १७ बलमा ५० रन बनाएपनि स्वर्ण जिताउन सकेनन् ।

किंगफिशरले १२ ओभरमा ५ विकेट गुमाउँदै १ सय १३ रन बनाउँदै कास्यमा सिमित रह्यो । किंगफिशरले काइट्सविरुद्ध पहिला ब्याटिङ गर्दै पहिलो इनिङमा ६ ओभरमा २ विकेट गुमाउँदै ५६ रन बनाएको थियो । दोस्रो इनिङमा ईगल्सविरुद्ध ६ ओभरमा ३ विकेट गुमाउँदै ५७ रन जोड्न सक्यो । किंगफिशरका फाफ डु प्लेसिसले १२ बलमा २८ रन जोडे । जान्नेमान मालनले ११ बलमा ३० रन बनाए ।

अन्तर्राष्ट्रिय क्रिकेटमा यस किसिमको खेल पहिलो पटक खेलिएको हो । एकै खेलमा तीन टोलीले प्रतिस्पर्धा गरेका थिए । एक टोलीले दुई इनिङ गरि कुल १२ ओभर खेल्न पाउने नियम थियो । एक टोलीमा ८ खेलाडी मात्र रहेका थिए । मैदानमा रेकर्ड गरेको समर्थकको आवज खेलाडीलाई सुनाईएको थियो । बाउन्ड्री बाहिरको बल जालीको सहयोगमा समातीएको थियो । नयाँ शैलीको क्रिकेटसँगै दक्षिण अफ्रिकामा कोरोना महामारीपछि क्रिकेटको पुनरागमन भएको छ ।

## लिड्स च्याम्पियन बन्दै प्रिमियर लिगमा

**■ एजेन्सी**

लण्डन । १६ वर्षपछि इग्ल्याण्डको शीर्ष डिभिजन फुटबल प्रिमियर लिगमा फर्केको लिड्स युनाइटेड च्याम्पियनसिपको च्याम्पियन बन्ने पक्का भएको छ ।

एक दिन अघि वेस्ट ब्रोम हड्शफिल्ड टाउनसँग पराजित हुँदा प्रिमियर लिगमा बढुवा पक्का भएको लिड्स अर्को दिन ब्रेन्टफोर्ड स्टोक सिटीसँग १(० ले पराजित हुँदा च्याम्पियन हुने पक्का बनेको हो ।

च्याम्पियनसिपमा कूल २४ क्लबले प्रतिस्पर्धा गर्नेमा लिड्स ४४ खेलबाट ८७ अंकसहित शीर्ष स्थानमा छ । ४५ खेल लिसकेको वेष्टब्रोम ८२ अंकसहित दोस्रो र ८१ अक रहेको ब्रेन्टफोर्ड ८१ अंकसहित तेस्रो स्थानमा छ । लिड्सले अझै २ खेल खेल्न बाँकी छ । अब दुवै खेलमा हार बेहोरे पनि लिड्स च्याम्पियनसिपको च्याम्पियन बन्ने पक्का छ । अर्जेन्टाइन प्रशिक्षक मार्को बिएल्सा आएपछि लिड्सले दोस्रो सिजनमै च्याम्पियनसिपको उपाधि जितेको हो । गत सिजन अंकतालिकामा तेस्रो स्थानमा रहेको लिड्स प्लेअफमा डर्बी काउन्टीसँग पराजित भएपछि प्रिमियर लिगमा बढुवा हुन असफल भएको थियो । लिड्सले तीन पटक शीर्ष श्रेणी प्रिमियर लिगको उपाधिसमेत जितेको छ ।

सन् २००४ पछि लिड्स पहिलो पटक प्रिमियर लिगमा बढुवा भएको हो । च्याम्पियनसिपका शीर्ष दुई क्लब सिधै प्रिमियर लिगमा बढुवा हुनेछन् भने तेस्रोदेखि छैटौं स्थानसम्म रहने क्लबले प्रिमियर लिगमा पुग्न बाँकी एक स्थानका लागि प्लेअफ खेल्नेछ । धयस सिजन प्रिमियर लिगबाट नर्विच सिटी रेलिगेसनमा परिसकेको छ । अब रेलिगेसनमा पर्ने दुई टिमको टुङ्गो लाग्न बाँकी छ ।

## मैदान सुनसान, गरिँदै मर्मत !



**■ सौर्य समाचार**

काठमाडौं । ललितपुरको सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) परिसरको सधैं व्यस्त रहने मैदान यतिबेला सुनसान छ । कोरोना भाइरसका कारण सम्पूर्ण खेल गतिविधि ठप्प भएपछि यो मैदान पनि सुनसान बनेको हो ।

६ हजार सिट क्षमता भएको यही मैदानमा एन्फा एकेडेमीका खेलाडीहरूलाई नियमित प्रशिक्षणका अलावा उमेर समूहका साफ च्याम्पियनसिप, सहिद स्मारक ए, बी र सी डिभिजन लिगलगायत खेलहरू सञ्चालन हुँदै आएको छ ।

सुनसान रहेको यो मैदानको मर्मत भने अहिले भइरहेको छ । मैदानको दक्षिणपट्टि रहेको प्यारापिटअगाडिको पर्खाल बनिरहेको छ ।

सन् २००१ बाट गोल प्रोजेक्ट सुरु भएपछि त्यसको तेस्रो गोल प्रोजेक्टअन्तर्गत यसलाई कृत्रिम घाँसे मैदानका रूपमा निर्माण गरिएको थियो । त्यस्तै चौथो गोल प्रोजेक्टबाट नयाँ प्यारापिट निर्माण भएको थियो ।

## एन्फा धनकुटाद्वारा राहत वितरण

**■ सौर्य समाचार**

धनकुटां । जिल्ला फुटबल संघ धनकुटाले आफ्ना खेलाडी, प्रशिक्षक र रेफ्रीहरुलाई राहत वितरण गरको छ ।अखिल नेपाल फुटबल संघ (एन्फा) को सदस्य जिल्ला धनकुटाले आईतबार एक कार्यक्रमको आयोजना गर्दै खेलाडी, प्रशिक्षक र रेफ्रीलाई राहत वितरण गरेको हो ।

संघले सामाजिक संञ्जाल फेसबुकबाट खेलाडी, प्रशिक्षक र रेफ्री गरी ३० जनालाई राहत वितरण गरेको जनाएको छ । संघले उनीहरुलाई जनही २५ सयका दरले राहत दिएको हो । एन्फाबाट पाएको आर्थिक सहयोग संघले वितरण गरेको हो । गत महिना एन्फाले आफ्ना सदस्य संघलाई ७५ हजार उपलब्ध गराएको थियो । नेपाली राष्ट्रिय फुटबल टिमका उपकप्तान समेत रहेका सुजल श्रेष्ठ धनकुटा निवासी हुन् । यस्तै मनाङ मर्स्याङ्दीका पूर्व प्रशिक्षक सुमन श्रेष्ठ धनकुटाकै हुन् ।

## स्केटर एक्टेरिनाको निधन



**■ एजेन्सी**

सिड्नी । अष्ट्रेलियाका फिगर स्केटिङका ओलम्पियन एक्टेरिना एलेक्जान्ड्रोभास्कायाको निधन भएको छ । ओलम्पियन स्केटर एक्टेरिनाको शुक्रबार रुतसको मस्कोमा २० वर्षको उमेरमा निधन भएको हो ।

एक्टेरिनाको निधनको कारण भने खुलाईएको छैन । रुसमा जन्मिएकी एक्टेरिनाले गत फेब्रुवरीमा सन्यास लिएकी थिइन् । चोटको कारण उनले कम उमेरमै सन्यास लिएकी थिइन् । अष्ट्रेलियाको नागरिकता पाएपछि उनले सन् २०१८ को विन्टर ओलम्पिक खेलेकी थिइन् । उनले सन् २०१७ मा वर्ल्ड जुनियर जितेकी थिइन् ।

## आर्चरलाई १५ हजार पाउण्ड जरिवाना

**■ एजेन्सी**



लण्डन । इङ्ल्यान्ड क्रिकेट बोर्डले तीव्र गतिका बलर जोफ्रा आर्चरलाई कारबाही गरेको छ । कोभिड-१९ को जैविक सुरक्षाको नियम उल्लंघन गरेकोभन्दै आर्चरलाई १५ हजार पाउण्ड जरिवाना लगाएको छ ।

त्यस्तै बोर्डले आर्चरलाई लिखित चेतावनी दिँदै वेस्ट इन्डिजविरुद्धको तेस्रो टेस्ट खेल खेल्न अनुमति दिएको रिपोर्टमा उल्लेख गरिएको छ । आर्चरले बोर्डको उक्त जरिवाना स्वीकर गरेका छन् ।

आर्चरले बोर्डको अनुशासन समितिसँग माफि मागेको जनाइएको छ । उक्त समितिले सख्त चेतावनी दिँदै तेस्रो टेस्टमा खेल्ने अनुमति दिएको हो । पहिलो टेस्ट खेलपछि आर्चर ब्राइटनस्थित आफ्नो घर गएका थिए । यस दौरान उनले टोली व्यवस्थापन र अन्य कुनै व्यक्तिसँग अनुमति लिएका थिएनन् । यसै विषयलाई लिएर बोर्डले कोभिड १९ को जैविक सुरक्षाको नियम उल्लंघन गरेको भन्दै कारबाही गरेको थियो । जस कराण उनलाई दोस्रो टेस्ट खेलमा टोलीबाट बाहिर राखेको थियो । दास्रो टेस्टबाट बाहिरिएसँग आर्चरले माफि मागेका थिए । उनको दुई पटक कोरोना टेस्ट गरिने जनाएको छ । दुबै पटकको टेस्टमा नतिजा नेगेटिभ आए मात्र उनी तेस्रो टेस्टमा स्थान पाउने बताइएको छ । उनको पहिलो कोरोना टेस्ट नेगेटिभ आएको रिपोर्टमा उल्लेख गरिएको छ ।

## विश्वकपमा निर्भर आईपीएलको भविष्य

**■ एजेन्सी**



नयाँ दिल्ली । अष्ट्रेलियामा यसै बर्ष हुने तय भएको टी-२० विश्वकपबारे निर्णय गर्न भोलि (सोमबार) अन्तराष्ट्रिय क्रिकेट परिषद् (आईसीसी)को बैठक बस्दैछ । अनलाईनमार्फत हुने बैठकमा टी-२० विश्वकपको भविष्यको बिषयमा छलफल हुनेछ ।

ईन्डियन प्रिमियर लिग क्रिकेट (आईपीएल)को आयोजनाको योजना गरिरहेको भारत टी-२० विश्वकप स्थगितको पक्षमा छ । विश्वकपलाई स्थगित गरेर भारत आईपीएलको आयोजना सफल बनाउन चाहन्छ ।

टी-२० विश्वकप अष्ट्रेलियामा अक्टोबर १८ देखि नोभेम्बर १५ सम्म हुने तय छ । अष्ट्रेलिया क्रिकेट बार्डले भिक्टोरिया राज्यमा कोरोना भाईरसको बढ्दो संक्रमणका कारण आयोजना गर्न नसकिने बताएको छ ।

भारतमा समेत कोरोनाको संक्रमितको संख्या १० लाख बढी छ । जसका कारण मृतकको संख्या २५ हजार बढी छ । तर केन्द्र सरकारको सहमतीमा प्रतियोगिता यूएईमा गर्न सकिने भारतीय क्रिकेट बोर्ड (बीसीसीआई)को विश्वास छ ।

'पहिलो कदम एसिया कप स्थगित गर्न आवश्यक छ । अष्ट्रेलिया क्रिकेटले प्रतियोगिताको आयोजना गर्न खासै उत्सुक छैन । तर पनि औपचारिक निर्णय भएको छैन ।' बीसीसीआईका एक सदस्यले भनेका छन् । यस बर्ष हुने टी-२० विश्वकप अष्ट्रेलियामा सन् २०२२ मा आयोजना हुने सम्भावना छ । अष्ट्रेलियाले सेप्टेम्बरको अन्तिममा ईङ्ल्याण्डबिरुद्ध हुने सिमित ओभरको सिरिजका लागि तयारी अघि बढाएको थियो । सोही अनुसार अष्ट्रेलियाले सिरिजका लागि २६ सदस्यीय सुरुवाती टिमको घोषणा समेत गरेको थियो । अष्ट्रेलियाको पछिल्लो कदमले विश्वकप आयोजना निर्धारित समयमा हुनेमा आशंका उत्पन्न भएको छ । आईसीसीले विश्वकपको बिषयमा सबै विकल्पमा छलफल गर्न चाहेको छ । तर आयोजकले देशले औपचारिक निर्णय लिन नसक्दा टी-२० विश्वकपबारे आधिकारिक घोषणा हुन सकेको छैन ।

नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग